**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

**पथरी शनिश्चरे नगरपालिका**

# स्थानीय राजपत्र

| खण्डः ख | संख्याः ७ | मितिः २०७५/०३/०१ |
|---|---|---|

**भाग-२**

**पथरी शनिश्चरे नगरपालिका**

कर तथा राजस्व संकलन तथा व्यवस्थापन कार्यविधि
२०७५

कार्यापालिकाबाट स्वीकृत मितिः २०७५/०३/०१

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ संगै नगर भित्र रहेका र हुने सवै खाले स्रोत र साधनको दरिलो आधार निर्माण गर्दै पथरी शनिश्चरे नगरपालिकालाई आर्थिक रुपले सक्षम र सामाजिक शुरक्षाको हिसावले दिगो बनाउन सम्पत्ति कर/एकीकृत सम्पत्तिकर व्यवस्थापन समेतका सवै खाले कर तथा राजस्वका क्षेत्रलाई विश्वासिलो, भरपर्दो, स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न तथा बनाउन वाञ्छनीय भएकोले नेपालको संविधानको अनुसूची ८ मा भएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार तथा यसै ऐनको परिच्छेद ३ को ११

को ८ मा नगरपालिकाले आफ्ना काम, कर्तब्य र अधिकारको प्रयोग गर्दा आवशयकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ भन्ने भएको ब्यवस्था र पथरी शनिश्चरे नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने)ऐन,२०७४ को दफा ४ बमोजिम नगरकार्यपालिकाको मिति २०७५/३/२ को बैठकबाट यो **"कर तथा राजस्व संकलन तथा ब्यवस्थापन कार्यविधि २०७५"** स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम **"पथरी शनिश्चरे नगरपालिका कर तथा राजस्व संकलन तथा ब्यवस्थापन कार्यविधि २०७५"** रहेको छ ।

(ख) यो कार्यविधि नगरकार्यपालिकाले स्वीकृत गरेको मिति बाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"संविधान"** भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

(ख) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ साथै सङ्घीय तथा प्रदेश सरकार बाट जारी भएका यस कार्य संग सम्बन्धित अन्य प्रचलित ऐनलाई सम्झनु पर्दछ ।

(ग) **"नियमावली"** स्थानीय सरकार सञ्चालनका लागि बन्ने नियमावली लाई संझनु पर्दछ ।

(घ) **"कार्यविधि"** भन्नाले पथरी शनिश्चरे नगरपालिकाको **"कर तथा राजस्व संकलन तथा ब्यवस्थापन कार्यविधि २०७५"** लाई सम्झनु पर्दछ ।

(ङ) **"सरकार"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएका संघीय तथा प्रदेश सरकारलाई सम्झनु पर्दछ ।

(च) **"मन्त्रालय"** भन्नाले संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय साथै स्थानीय सरकारको काम हेर्ने गरी तोकिएका संघ तथा प्रदेश मन्त्रालयलाई समेत सम्झनु पर्दछ ।

(छ) **"नगरपालिका"** भन्नाले पथरी शनिश्चरे नगरपालिकालाई सम्झनु पर्दछ ।

(ज) **"कार्यपालिका"** भन्नाले पथरी शनिश्चरे नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(झ) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ यस शब्दले नगरपालिकाको वडा कार्यालय समेतलाई जनाउने छ ।

(ञ) **"सभा"** भन्नाले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार गठित पथरी शनिश्चरे नगरपालिकाको नगर सभा लाई सम्झनु पर्दछ ।

(ट) **"प्रमुख"** भन्नाले पथरी शनिश्चरे नगरपालिकाको प्रमुख लाई सम्झनु पर्दछ ।

(ठ) **“उपप्रमुख”** भन्नाले पथरी शनिश्चरे नगरपालिकाको उपप्रमुख लाई सम्झनु पर्दछ ।

(ड) **“वडा अध्यक्ष”** भन्नाले पथरी शनिश्चरे नगरपालिकाका निर्वाचित वडा अध्यक्षहरू लाई सम्झनु पर्दछ ।

(ढ) **“वडा सदस्य”** भन्नाले पथरी शनिश्चरे नगरपालिकाका वडाहरूका निर्वाचित वडा सदस्यहरू लाई सम्झनु पर्दछ ।

(ण) **“सदस्य”** भन्नाले पथरी शनिश्चरे नगरपालिका नगरकार्यपालिकाका सदस्यलाई सम्झनु पर्दछ साथै यसले नगरपालिकाका पमुख, उपप्रभुख र वडाअध्यक्ष समेतलाई जनाउनेछ ।

(त) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(थ) **“बिषयगत शाखा”** भन्नाले नगर कार्यपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झन पर्दछ ।

(द) **“वडा सचिव”** भन्नाले नगरपालिकाका सम्बन्धित वडाका वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिवलाई सम्झनु पर्दछ ।

(ध) **“वडा समिति”** भन्नाले नगरपालिकाका सम्बन्धित वडाका वडा समितिलाई सम्झनु पर्दछ ।

(न) **"कोष "** भन्नाले पथरी शनिश्चरे नगरपालिकाको सञ्चित कोष लाई सम्झनु पर्दछ ।

(प) **“कर तथा राजस्व”** भन्नाले बर्तमान संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका ऐन तथा कानून बमोजिमको अधिकार क्षेत्र भित्र रहि स्थानीय सरकारको हैसियतमा नगरपालिकाले लगाउन तथा उठाउन पाउने सम्पत्ति कर/एकीकृत सम्पत्तिकर व्यवस्थापन सहितका सवै प्रकारका स्थानीय कर, सेवा शुल्क तथा दस्तुर समेतलाई सम्झनु पर्दछ ।

(फ) **“करदाता”** भन्नाले नगरपालिका क्षेत्रभित्र जग्गा तथा संरचनाको स्वामित्व भएका वा नभएका ब्यक्ति, उद्योगि, ब्यापारी, व्यवसायी लगायतका नीजि क्षेत्र, सामाजिक संघ सस्था, विकास साझेदार लागयत कर तथा राजस्वको दायरा भित्र पर्ने संगठित तथा असंगठित ब्यक्ति, संस्था वा सरोकारवालालाई समेत सम्झनु पर्दछ ।

(ब) **“समिति”** भन्नाले यसैं कार्यविधि बमोजिम गठित **"कर तथा राजस्व परामर्श तथा व्यवस्थापन समिति"** लाई सम्झनु पर्दछ ।

(भ) **“मूल्याङ्कन उप समिति”** भन्नाले सम्पत्ति कर/एकीकृत सम्पत्तिकर व्यवस्थापन समेतका विभिन्न कर प्रयोजनका लागि जग्गा तथा संरचनाको मूल्यांकन गर्न नगरपालिकाद्वारा यस कार्यविधिको दफा २८को उपदफा (३) बमोजिम गठित उप समितिलाई सम्झनु पर्दछ ।

(म) **"संरचना"** भन्नाले ब्यक्तिगत तथा सार्वजनिक प्रयोजनकालागि नगरपालिका क्षेत्र भित्र निर्माण भएका तथा हुने भवन, सडक, कलभर्ट, नाला, बाँध, पैनी, कुलो, पुल पुलेसा,

ताल तलैया, सिमसार, पोखरी, सार्वजनिक शौचालय तथा ऐतिहासिक पुरातात्विक महत्वका संरचना, पर्यटकीय क्षेत्र, मठ मन्दिर वा धार्मिक स्थल आदि समेतलाई सम्झनु पर्दछ ।

(य) **“स्थलगत सर्वेक्षण”** भन्नाले नगरपालिकाद्वारा गठित कर्मचारीको टोली वा नगरपालिकाबाट खटाएको कुनै कर्मचारीले स्थलगत रूपमा छलफलसमेत गरी सूचना संकलन गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(र) **“योजना”** भन्नाले यसै कार्यविधि बमोजिम तयार भएको कर तथा राजस्व सङ्कलन तथा व्यवस्थापन योजनालाई सम्झनु पर्दछ ।

(ल) **“लक्षित बर्ग वा समुदाय”** भन्नाले नेपालको संविधान तथा प्रचलित ऐन कानून बमोजिम परिभाषित गरिएका बर्ग तथा समुदायलाई सम्झनु पर्दछ ।

(व) **"विकास साझेदार"** भन्नाले नेपाल सरकार (संघीय तथा प्रदेश सरकार) वा नगरपालिका संग सम्झौता गरी वा नगरी नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने दुईपक्षीय एवं बहुपक्षीय दातृ निकाय वा संघसंस्थाहरूलाई सम्झनु पर्दछ साथै नगरपालिकामा लागत सहभागिता गर्ने उपभोक्ताहरूलाई समेत मान्न सकिनेछ ।

(श) **“निवेदक”** भन्नाले कर तथा राजस्व सङ्कलन, भुक्तानी लगायतका योजनामा सहभागी हुन तोकिएको ढाँचामा निवेदन दिने व्यक्ति, परिवार, समुह वा संस्थालाई सम्झनु पर्दछ,।

(ष) **“बिजक”**भन्नाले करदातालाई जानकारी दिने उद्देश्यले नगरपालिकाले तयार गरेको सम्पत्ति वा व्यवसायको मूल्यांकन र सोमा लाग्ने कर सम्बन्धी बिजकलाई सम्झनु पर्दछ ।

(स) **“स्वयंम् विवरण दाखिला”** भन्नाले करदाता आफैंले आफ्नो सम्पत्ति, उद्योग, ब्यापार तथा व्यवसायको यथार्थ विवरण खोली निर्धारित ढाँचामा नगरपालिकामा बुझाउने कार्यलाई सम्झनु पर्दछ ।

(ह) **“टोल विकास संगठन”** भन्नाले समाज परिचालन प्रक्रिया मार्फत तोकिएको भौगोलिक क्षेत्रको टोल तथा समुदायको आर्थिक, सामाजिक तथा संस्थागत विकासका लागि एक परिवार एक सदस्यको अवधारणामा आधारित भई गठन र सञ्चालन भएको तथा नगरपालिकामा सूचीकृत भएको स्थानीय स्तरको संघ, संस्था र समूहलाई सम्झनु पर्दछ ।

(क्ष) **“नीजि क्षेत्र”** भन्नाले प्रचलित ऐन कानून बमोजिम स्वीकृति प्राप्त नीजि क्षेत्रका कम्पनी, फर्म, संस्था, व्यवसायिक व्यक्ति वा संगठित समूहलाई सम्झनु पर्दछ

(त्र) **“सरोकारवाला”** भन्नाले नगर कार्यपालिकाको निर्णयले प्रत्यक्ष रूपमा प्रभाव पार्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ

(ज्ञ) **“सम्पत्ति धनी”** भन्नाले नगरपालिका क्षेत्रभित्र आफ्ना नाममा जग्गा तथा संरचना भएका व्यक्ति, सरकारी तथा अर्ध सरकारी निकाय वा संघसंस्थालाई सम्झनु पर्दछ । यस सब्दले कसैको जग्गा जमिन निस्चित उद्देश्यकालागि सम्बन्धित जग्गा धनी को

लिखित सहमतिमा  निस्चित समयकालागि प्रयोग गर्ने गरी निर्माण गरिएका संरचना समेतलाई जनाउनेछ ।

(कक) “बोलपत्र सम्बन्धी कागजात (टेण्डर डकुमेन्ट)” भन्नाले कुनै ठेक्कासंग सम्बन्धित सामान्य वा विशेष शर्त, स्पेसिफिकेशन, डिजाइन, परिमाण सम्बन्धी सूची, निर्माण सम्बन्धी कार्यको हकमा नक्सा र बिल अफ क्वान्टिटी सम्झनु पर्छ र सो शब्दले आर्थिक वा प्राविधिक प्रस्तावसंग सम्बन्धित सम्पूर्ण कागजात समेतलाई जनाउँछ ।

(कख) “सम्झौता” भन्नाले यस कार्यविधिको अधीनमा रही कर तथा राजस्व संकलन लगायतका कुनै पनि काम गर्न वा सेवा उपलब्ध गराउने वा दिने सम्बन्धमा ठेक्का, बोलपत्र वा दरभाउपत्रको माध्यमबाट वा प्रचलित कानून बमोजिम गरिने नगरपालिका र सेवा ग्राह्य वा प्रदायक बीच हुने करार सम्झनु पर्दछ ।

(कग) “ठेक्का” भन्नाले यस कार्यविधिको अधिनमा रहि कुनै पनि कार्य गर्न वा नगरपालिकालाई आवश्यक सेवा प्राप्त गर्न कुनै ब्यक्ति, फर्म, कम्पनी वा संस्थालाई आवश्यक प्रक्रिया पूरा गरी दिएको ठेक्का सम्झनु पर्छ र सो शब्दले दरभाउपत्र वा बोलपत्रबाट दिएको कार्य समेतलाई जनाउँछ ।

(कघ) “विशेष परिस्थिति” भन्नाले मानवीय काबुबाहिरका बाढी, पहिरो, आगजनी, भूकम्प जस्ता प्राकृतिक विपत्तिं सम्झनु पर्छ ।

(कघ) “वहाल विटौरी कर” भन्नाले नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक जग्गा तथा संरचना उपभोग गरे वापत लिइने करलाइ सम्झनुपर्दछ ।

## परिच्छेद २
## लक्ष तथा उद्देश्य

**३ कार्यविधिको लक्ष्य :**

यस कार्यविधिको लक्ष देहाय बमोजिम रहेको छ

"कर तथा राजस्व सङ्कलन तथा ब्यवस्थापनको हिसावले पथरी शनिश्चरे नगरपालिकालाई सक्षम र सुदृढ बनाउदै आन्तरिक आयको हिसावले आत्मनिर्भर बनाउने"

**४ कार्यविधिको उद्देश्य :**

यस कार्यविधिका मुलभुत उद्देश्यहरू देहाय बमोजिम रहेका छन्

(क) प्रचलित ऐन तथा कानूनको परिधि भित्र रहि ब्यक्ति, परिवार, समुदाय, उद्योग, ब्यापार, ब्यवसाय, सेवा लगायतका सवै क्षेत्र र तहलाई एकीकृत रुपमा करको दायरामा समेट्ने ।

(ख) कर तथा राजस्वको दायरालाई फराकिलो, ब्यवस्थित र पारदर्शी बनाउने ।

(ग) नगर विकासमा सवै नागरिकलाई जिम्मेवार बनाउने साथै नगरबासिको साझा योगदान कायम गर्ने ।

(घ) सूचना प्रविधिको माध्यम बाट कर तथा राजस्व सङ्कलनलाई सेवा प्रवाह संग आवद्ध गरी अत्याधुनिक बनाउने ।

(ङ) नगरपालिकालाई आर्थिक रुपले आत्मनिर्भर बनाउने तर्फ क्रियाशील गराउने ।

(च) रकमको अभावमा विकास निर्माण र सेवा प्रवाहका कार्यमा हुने कठिनाईको अन्त्यकालागि योगदान गर्ने ।

(छ) स्थानीय सरकारको रुपमा स्थापित नगरपालिका प्रति नगरबासीको विश्वासमा अभिबृद्धि गर्ने ।

## परिच्छेद ३ (तीन)
## कर तथा राजस्वका क्षेत्र

५. कर तथा राजस्वका क्षेत्रः संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ साथै पथरी शनिश्चरे नगरपालिकाको आर्थिक ऐन २०७४ बमोजिम (आगामि दिनमा हुने संशोधन समेत) पथरी शनिश्चरे नगरपालिकाले नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमका क्षेत्रमा कर लगाउने तथा राजस्व संकलन गर्नेछ :-

(क) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर, भुमिकर/मालपोत, घर बहाल कर, वहाल विटौरी कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, घर नक्सा पास दस्तुर, सेवाशुल्क तथा दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, ब्यवसाय कर, मनोरञ्जन कर ।

(ख) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क ।

(ग) ट्रेकिङ, कायाकिङ्ग, प्याराग्लाईडिङ्ग, क्यानोनिङ्ग, बन्जि जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ, मोटरबाटो, केबुलकार सेवा लगायत अन्य जल तथा स्थलमा सञ्चालन हुने नविन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क ।

(घ) जडीबुटी, कवाडी र जीवजन्तु कर ।

(ङ) ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा जस्ता प्राकृतिक एवं खनिज जन्य बस्तुको विकी तथा निकासी शुल्क तथा दस्तुर ।

(च) सिफारिस, दर्ता, अनुमति, नविकारण आदिको शुल्क तथा दस्तुर ।

(छ) नगरपालिकाको स्वामित्वमा रहेका पोखरी, चरन तथा सार्वजनिक क्षेत्रमा नगरपालिका स्वयम्ले पालेका माछा, हाँस, पशुपंक्षि, अन्न तथा नगदे बालि लगायतका नगरपालिकाको स्वामित्वमा पर्ने सवै खाले व्यवसायबाट उत्पादित तथा संरक्षित चिज बस्तुको विकि वितरण ।

(ज) खाद्य सुरक्षा तथा विपत व्यवस्थापनका लागि नगरपालिकाले भण्डारण गरेका खाद्यान्न लगायतका चिज बस्तु साथै नगरपालिकाको स्वामित्व वा दायित्वमा रहेका सम्पत्ति तथा सार्वजनिक सम्पत्तिको विकि वितरण ।

(झ) प्रचलित ऐन कानून बमोजिम लाउन र उठाउन पाउने अन्य सवै प्रकारका कर तथा राजस्व ।

**६. कर नलाग्ने**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको सम्पत्तिमा सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लाग्ने छैन

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा

(ख) सरकारी अस्पतालको भवन र जग्गा

(ग) गुठीको स्वामित्वमा रहेको जग्गा

(घ) सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा

(ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा

(च) खानेपानी सङ्कलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू

(छ) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा

(२) यस कार्यविधि बमोजिम सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लागेको सम्पत्तिमा भुमिकर / मालपोत लाग्ने छैन ।

(३) उपदफा (१) बमोजिम सम्पत्ति कर/एकीकृत सम्पत्ति कर नलाग्ने भनी तोकिएको सम्पत्तिमा प्रचलित कानुन बमोजिम सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लाग्ने कुनै व्यक्ति, नीजि क्षेत्र, संघ, संस्था वा निकायले निश्चित अवधिसम्म प्रयोग गर्ने गरी कुनै संरचना निर्माण गरेमा यस्तो संरचनामा भने एकिकृत सम्पत्ति कर लाग्नेछ ।

(४) सवारी साधन कर नलाग्नेः नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार, राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगको स्वामित्वमा रहेका सवारीकालागि सवारी साधन कर लाग्ने छैन ।

## परिच्छेद - ४ (चार)
## कर तथा राजस्वका दर तथा सम्पत्ति मूल्याङ्कन

७. कर तथा राजस्वको दर :

(१) पथरी शनिश्चरे नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सम्पत्ति कर/एकीकृत सम्पत्ति करको दर अनुसूची १ र ब्यापार व्यवसाय संग सम्बन्धित कर तथा राजस्वका दरहरू अनुसूची १५ को ढाँचामा नगर सभाले निर्धारण गरे बमोजिम हुनेछ । यस्तो कर आर्थिक बर्षको श्रावण १ गतेदेखि लागु हुनेछ ।

(२) उपदफा (१) बमोजिम कर तथा राजस्व दर लागु गर्दा आर्थिक बर्षको शुरु महिनाको शुरु दिन बाहेक अघि वा पछि हुने गरी लगाइने छैन ।

(३) सम्पत्ति कर/एकीकृत सम्पत्ति करको हकमा सम्पत्तिको मूल्याङ्कनका आधारमा र उद्योग, ब्यापार, व्यवसाय र सेवा लगायतका अन्य कर तथा राजस्वको हकमा अनुसूची १५ बमोजिमको बर्गिकरणको ढाँचामा राजस्व परामर्श तथा व्यवस्थापन समितिको प्रतिवेदन र नगर कार्यपालिकाको सिफारिस समेतको आधारमा नगर सभाले तोके बमोजिम हुनेछ ।

८. सम्पत्ति /एकीकृत सम्पत्ति मूल्याङ्कन प्रकृया :

(१) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लगाउने प्रयोजनको लागि नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गा जमिनलाई भु-उपयोग बर्गिकरण अनुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा प्रत्येक वडाका बासिन्दाको सम्पत्ति /एकीकृत सम्पत्तिको विवरणको लगत कायम गरी अनुसूची-२ को ढाँचामा तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरणका आधारमा सम्पत्ति/एकीकृत सम्पत्तिको मूल्याङ्कन गर्नका लागि नगरपालिकाले दक्ष र विशेषज्ञ समेत रहेको बढीमा ५ सदस्यीय मूल्याङ्कन उपसमिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित उपसमितिको कार्यावधि २ वर्षको हुनेछ ।

(४) मूल्याङ्कन उपसमितिले सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लगाउन योग्य मूल्य निर्धारण गर्न सिफारिस गर्दा देहायका आधारमा गर्नेछ

(क) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लगाउन योग्य मूल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने ।

(ख) भौतिक संरचनाको प्रचलित बजार भाउ बाट कायम हुन आएको मूल्यमा ह्रासकट्टी गर्ने ।

(ग) खण्ड (क) बमोजिम मूल्याङ्कन गर्ने प्रयोजनको लागि ह्रासकट्टी गर्दा संरचनाको वनोटको आधारमा अनुसूची ९ बमोजिम घट्दो कमका आधारमा प्रत्येक बर्ष ५ % देखि २० % सम्म गर्ने ।

(घ) जग्गा बाहेक अन्य भौतिक संरचनाको मूल्याङ्कन दर संरचनाको बनोट, त्यसको आर्थिक उपयोगको महत्वको आधारमा मूल्य निर्धारण गर्ने ।

(ङ) भौतिक संरचनाको मूल्य निर्धारण गर्दा क्षतिग्रस्त वा भत्केको अवस्था भएमा क्षतिग्रस्त वा भत्केको भाग बराबरको मूल्य घटाउने ।

(५) उपदफा (४) बमोजिम सम्पत्ति/एकीकृत सम्पत्तिको मूल्याङ्कन सिफारिस भइसकेपछि नगरपालिकाले सम्पत्ति/एकीकृत सम्पत्ति मूल्याङ्कन दर अघिल्लो आर्थिक बर्षको असार महिनाभित्र निर्धारण गरि सक्नु पर्नेछ ।

९. कर तथा राजस्व असूली प्रकृया:

(१) सम्पत्ति कर/एकीकृत सम्पत्ति करको हकमा दफा (८) बमोजिम कायम गरिएको करयोग्य सम्पत्तिको मूल्याङ्कन र सो बमोजिम लागेको कर तथा राजस्वको विवरण सहित भुक्तानीको लागि नगरपालिकाले सम्बन्धित करदाता समक्ष मंसिर महिनाभित्र बिजक पठाइ सक्नु पर्नेछ ।

(२) घर बहाल कर, सवारी साधन कर, घर नक्सा पास दस्तुर, सेवाशुल्क तथा दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, मनोरञ्जन कर लगायतका संपूर्ण कर तथा राजस्व र शुल्कका बारेमा नगरपालिकाले आर्थिक बर्ष प्रारम्भ भएको मितिले ३५ दिन भित्र वा कर तथा राजस्व र सेवा शुल्कको दर निर्धारण भएको मितिले ३५ दिन भित्र सरोकारवाला लाई सार्वजनिक सूचना मार्फत वा अन्य सूचना तथा सञ्चारका श्रोत मार्फत जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त बिल अनुसारको बुझाउनु पर्ने कर तथा राजस्व साथै उपदफा (२) बमोजिमको कर तथा राजस्व सम्बन्धित करदाताले सोही आर्थिक वर्षभित्र नगरपालिकामा बुझाउनु पर्नेछ ।

(३) तोकिएको समय सिमा भित्र कर तथा राजस्व नबुझाउनेको हकमा नगरपालिकाले तोके बमोजिमको जरिमाना लाग्ने छ ।

(४) लगातार तीन बर्ष सम्म कर तथा राजस्व नबुझाउने करदाता वा सरोकारवालाको हकमा नगरपालिकाले **नगर विकास असहयोगिको** सूचीमा राखि थप तीन महिनाकालगि नीजलाई सचेत गराउन बढीमा तीन पटक सम्म सार्वजनिक सूचना मार्फत वा निजको ठेगानामा पत्राचार गरी जनाकारी गराईने छ । तत पश्चायत पनि कर नतिरेमा नगरपालिका बाट प्रवाह हुने सेवा सुविधा बाट स्वतः रोक लगाउने साथै थप कारवाही गरी सरकारी बांकि सरह असुल उपर गर्नेछ ।

## परिच्छेद - ५
## सम्पत्ति, उद्योग, ब्यापार, व्यवसाय, सेवा तथा वहाल विटौरीको विवरण संकलन तथा अभिलेख सम्बन्धी व्यवस्था

१०. सम्पत्ति/एकीकृत सम्पत्तिको विवरण संकलन विधि :

(१) नगरपालिकाले सम्पत्ति कर/एकीकृत सम्पत्ति कर प्रयोजनका लागि अघिल्लो आर्थिक वर्षदेखि नै करदाताका नाममा रहेको सम्पत्ति/एकीकृत सम्पत्तिको विवरण तोकिएको ढाँचामा संकलन तथा अध्यावधिक गर्नेछ ।

(२) नगरपालिकाले सम्पत्ति/एकीकृत सम्पत्तिको विवरण अध्यावधिक गर्नकालागि नगरपालिका क्षेत्रमा रहेका प्रत्येक व्यक्तिका नाममा रहेको सम्पत्तिको पहिचान गरी लगत तयारी तथा अद्यावधिक गर्न स्थलगत सर्वेक्षण विधि वा करदाता स्वयंले उपलब्ध गराएको विवरणका आधारमा प्रत्येक व्यक्तिका नाममा रहेको सम्पत्तिको पहिचान गर्ने विधिमध्ये कुनै एक वा मिश्रित विधि प्रयोग गरी सम्पत्तिको लगत संकलन तथा अध्यावधिक गर्न सक्नेछ ।

(३) नगरपालिकाले करदाताहरूको सम्पत्तिको विवरण संकलन गर्नका लागि उपदफा (२) बमोजिम विधिको छनोट गरी सकेपछि सोको कार्यान्वयनका लागि कार्ययोजना सहितको परियोजना प्रस्ताव स्वीकृत गर्नुपर्नेछ ।

(४) सम्पत्तिको विवरण संकलनका लागि परियोजना प्रस्ताव बमोजिमको कार्य गर्न मौजुदा जनशक्ति अपर्याप्त भई थप जनशक्तिको आवश्यकता परेमा त्यस्तो जनशक्ति प्रचलित कानुनबमोजिम करारमा नियुक्त गरी वा गुठी वा टोल विकास संस्था वा अन्य संगठित वा सामुदायिक संघसंस्थासँग सम्झौता गरी सेवा करारमा लिन सकिनेछ ।

११. उद्योग, ब्यापार, ब्यवसाय र सेवाको विवरण संकलन विधिः

(१) नगरपालिकाले कर तथा राजस्व प्रयोजनका लागि अघिल्लो आर्थिक वर्षदेखि नै कुनै पनिव्यक्ति, परिवार वा संघसंस्थाका नाममा रहेको उद्योग, ब्यापार, ब्यवासाय तथा सेवाको विवरण तोकिएको ढाँचामा संकलन तथा अध्यावधिक गर्नेछ ।

(२) नगरपालिकाले उद्योग, ब्यापार, ब्यवासाय तथा सेवाको विवरण संकलन तथा अध्यावधिक गर्नकालागि नगरपालिका क्षेत्रमा रहेका प्रत्येक व्यक्ति, परिवार वा संघसंस्थाका नाममा रहेको उद्योग, ब्यापार, ब्यवासाय तथा सेवाको पहिचान गरी अद्यावधिक गर्न स्थलगत सर्वेक्षण विधि वा करदाता स्वयंले उपलब्ध गराएको विवरणका आधारमा पहिचान गर्ने विधिमध्ये कुनै एक वा मिश्रित विधि प्रयोग गरी उद्योग, ब्यापार, ब्यवासाय तथा सेवाको विवरण अध्यावधिक गर्न सक्नेछ ।

(३) नगरपालिकाले उद्योग, ब्यापार, ब्यवसाय तथा सेवाको विवरण संकलन गर्नका लागि उपदफा (२) बमोजिम विधिको छनोट गरी सकेपछि सोको कार्यान्वयनका लागि कार्ययोजना सहितको परियोजना प्रस्ताव स्वीकृत गर्नुपर्नेछ ।

(४) विवरण संकलनका लागि परियोजना प्रस्ताव बमोजिमको कार्य गर्न मौजुदा जनशक्ति अपर्याप्त भई थप जनशक्तिको आवश्यकता परेमा त्यस्तो जनशक्ति प्रचलित कानुनबमोजिम करारमा नियुक्त गरी वा गुठी वा टोल विकास संस्था वा अन्य संगठित वा सामुदायिक संघसंस्थासँग सम्झौता गरी सेवा करारमा लिन सकिनेछ ।

**१२ स्वयं विवरण दाखिला सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाले प्रत्येक वर्ष नगरपालिका क्षेत्रभित्रका सम्पत्ति धनी तथा उद्योग, ब्यापार, व्यवसाय तथा सेवाधनीहरूलाई अनुसूची - ३ बमोजिमको ढाँचामा सम्पत्ति तथा उद्योग, ब्यापार, व्यवसाय तथा सेवाको विवरण अनुसूची १६ बमोजिमको ढाँचामा दाखिला गर्ने सूचना आह्वान गर्नेछ । यस्तो सूचना प्रकाशन र प्रसारण गर्दा उपलब्ध सञ्चारका माध्यमहरूलाई प्रयोगमा ल्याउनु पर्नेछ ।

(२) सम्पत्ति कर/एकीकृत सम्पत्ति करको हकमा नगरपालिकाले सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लागू गर्ने आर्थिक वर्ष सुरु हुनु अगावै उपदफा (१) बमोजिमको सूचना जारी गरी करदाताहरूबाट सम्पत्ति विवरण दाखिला गर्ने म्याद दिनु पर्नेछ ।

(३) नगरपालिकाले उपदफा (१) र (२) बमोजिमको सूचना जारी गर्दा पहिलोपटक करदाताहरूलाई विवरण दाखिला गर्न पैंतीस (३५) दिनको म्याद दिनेछ । उक्त म्यादभित्र विवरण दाखिला हुन नसकी म्याद बढाउन आवश्यक ठानेमा पटकपटक गरी बढीमा तीन महिनासम्म म्याद बढाउन सक्नेछ ।

(४) नगरपालिकाले उपदफा (३) बमोजिम सम्पत्ति, उद्योग, ब्यापार, व्यवसाय तथा सेवाको विवरण दाखिला गर्न आह्वान गरेको समयावधिभित्र अनुसूची ४ र अनुसूची १६ बमोजिमको फारममा आ-आफ्नो सत्यतथ्य विवरण भरी नगरपालिकामा बुझाउनु सम्बन्धित सम्पत्ति धनी वा संबन्धित सरोकारवालाको कर्तब्य हुनेछ ।

(५) सम्पत्ति धनी वा संबन्धित सरोकारवालाहरूलाई विवरण फाराम भर्न सहयोग गर्नका लागि नगरपालिकाले आवश्यकता अनुसार स्थानीय संघसंस्था, सामुदायिक संस्था, टोल विकास संगठन तथा स्वयंसेवकहरूलाई परिचालन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमका संघ, संस्था, संगठन तथा स्वयंसेवकहरू परिचालन गर्दा सम्पत्ति कर/एकीकृत सम्पत्ति कर सम्बन्धी लगायतका सवै विषयमा अभिमुखीकरण गर्नु पर्नेछ ।

(७) कुनै करदाताले सम्पत्ति तथा व्यवसायको विवरण दाखिला गरेपछि आफ्नो स्वामित्वमा परिवर्तन वा संरचना निर्माणका कारणले सम्पत्ति वा अन्य विवरण थपघट भएमा प्राप्त गर्नेले वा निर्माण गर्नेले सोको प्रमाण सहितको विवरण पैंतीस (३५) दिनभित्र नगरपालिकामा बुझाउनु पर्नेछ ।

(८) सम्पत्ति कर/एकीकृत सम्पत्ति करकोलागि सम्पत्तिको विवरण सम्पत्ति धनी स्वयंले तथा उद्योग, ब्यापार, व्यवसाय तथा सेवाको विवरण सम्बन्धित संस्थाको आधिकारिक अधिकार प्राप्त व्यक्तिले नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम सम्पत्ति कर/एकीकृत सम्पत्ति करकोलागि सम्पत्ति धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा सङ्गोलको परिवारका कानुन बमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्ति धनीको वारेसनामा प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछन् । परिवारका अन्य सदस्य नभएका नाबालक तथा अशक्तका हकमा वडा समितिको सिफारिश सहित निजको संरक्षकले विवरण बुझाउन सक्नेछ ।

(१०) सम्पत्ति कर/एकीकृत सम्पत्ति करको प्रयोजनका लागि संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्ति धनीहरूले संयुक्त रूपमा वा सोमध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछ ।

(११) कुनै करदाताले उपदफा (३) को समयावधिभित्र सम्पत्ति कर/एकीकृत सम्पत्ति करकोलागि सम्पत्ति विवरण तथा उद्योगि, ब्यापारी, व्यवसायी तथा सेवा प्रवाह संग सम्बन्धित सरोकारवालाले बिबरण फाराम दाखिला नगरेमा वा झुट्टा विवरण दाखिला गरेमा नगरपालिकाले दफा (२६) बमोजिम थप शुल्क लिई विवरण फाराम बुझिलिन सक्नेछ ।

**१३. सम्पत्ति कर/एकीकृत सम्पत्ति करकालागि सम्पत्तिको प्रमाण तथा विवरण संकलन सम्बन्धी व्यवस्था :**

(१) करदाताले जग्गाको विवरण दाखिला गर्दा क्षेत्रफल समेत खुलेको आफ्नो स्वामित्वको प्रमाण साथै पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पेश भएको प्रमाण आधिकारिक नभएमा त्यस्तो जग्गाको विवरण नगरपालिकाले स्वीकार गर्ने छैन तथा स्वीकार गर्न बाध्य हुने छैन ।

(३) करदाताहरूले विवरण दाखिला गर्दा देहाय बमोजिमका कागजातहरू समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

(क) अघिल्लो आर्थिक वर्षसम्मको एकीकृत सम्पत्ति कर वा मालपोत वा भूमिकर तिरेको निस्सा वा नगरपालिकाको प्रमाणित विवरण ।

(ख) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि वा जग्गाको स्वामित्व र क्षेत्रफल प्रमाण कागजात ।

(ग) निर्माण सम्पन्न भएको वा घर भएको प्रमाण ।

(४) दफा (६) बमोजिम सम्पत्ति कर/एकीकृत सम्पत्ति कर नलाग्ने भनी तोकिएको सम्पत्तिमा प्रचलित कानुन बमोजिम सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लाग्ने कुनै व्यक्ति, संघ, संस्था वा निकायले निश्चित अवधिसम्म प्रयोग गर्ने गरी कुनै संरचना निर्माण गरेमा यस्तो

संरचनाको विवरण दाखिला गर्ने र सम्पत्ति कर/एकीकृत सम्पत्ति कर बुझाउने दायित्व सम्बन्धित निर्माणकर्ताको हुनेछ ।

(५) प्रचलित कानुन बमोजिम नक्सापास गरी निर्माण गर्नुपर्ने तर नक्सा पास नगरी निर्माण भएका संरचनाको सम्पत्ति विवरण बुझ्दा नगरपालिकाले नक्सापास दस्तुरबापत लाग्ने रकमको अनुमान गरी सो को दुई गुना धरौटी लिई सम्पत्ति विवरण स्वीकार गर्न सक्नेछ । यस्ता संरचनाको हकमा करदाताले दिएको विवरणलाई नै आधार मानी घरको आकार, प्रकार एवं निर्माण मिति कायम गरी सम्पत्तिको मुल्यांकन गरिने छ । यो व्यवस्था भवन निर्माण सम्वन्धि मापदण्ड पालना नभई निर्माण भएका संरचनाहरुको हकमा पनि लागु हुनेछ ।

तर, यसरी स्वीकार गरिएको संरचनाको विवरणको कारणले यस्ता भवन नक्सा पास भएको वा मापदण्ड पुगेको मानिने छैन ।

(६) कर तिर्ने दायित्व भएका कुनै सम्पत्ति धनीको जग्गामा निजको मञ्जुरनामा लिई अर्को व्यक्तिले संरचना निर्माण गरेमा संरचना समेतको विवरण दाखिला गर्ने तथा कर बुझाउने दायित्व सम्बन्धित जग्गा धनीको हुनेछ ।

(७) करदाताले भरेको विवरण तथा प्रमाण जाँच गरी दर्ता गर्न नगरपालिकाले कर्मचारी वा टोली खटाउन सक्नेछ । यस्ता कर्मचारी वा टोलीले बुझ्न चाहेको सूचना वा माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित सम्पत्ति धनीको कर्तव्य हुनेछ ।

(८) नगरपालिकामा सम्पत्ति कर/एकीकृत सम्पत्ति कर विवरण दाखिला गरी सम्पत्ति कर बुझाएको सम्पत्ति नगरपालिकामा दर्ता नभएको नयाँ व्यक्तिले खरिद गरेमा त्यस्तो व्यक्तिले ३५ दिन भित्र खरिद गरेको प्रमाण संलग्न गरी सम्पत्ति/एकीकृत सम्पत्ति विवरण फाराम भरी नगरपालिकामा बुझाउनु पर्नेछ । ढिलो गरी बुझाएमा तोकिए बमोजिमको थप शुल्क लिई नगरपालिकाले विवरण बुझिलिन सक्नेछ ।

(९) (क) कसैबाट आफ्नो हो भनी दावी नभएको र प्रमाण सहित दावी नगर्दासम्म नगरपालिका क्षेत्रभित्रको जग्गामा स्थायी संरचना निर्माण गरी व्यापार व्यवसाय संचालन एवं संरचना तथा जग्गा जमीनको उपभोग गरी वसिरहेको अवस्थामा त्यस्तो जग्गाको स्वामित्व नखुलेको अवस्था सम्मका लागी त्यस्तो जग्गा सार्वजनिक जग्गा सरह मानी नगरपालिकाले आर्थिक ऐन वमोजिम वहाल विटौरीको दर तोकी त्यस्तो संरचना/जग्गामा वसोवास गरेका व्यक्तिबाट तोकिएको वहाल विटौरी कर लिनेछ ।

तर यस्तो जग्गा संरचनाको हकमा संघीय सरकार तथा प्रदेश सरकारबाट उपयुक्त निर्णय नहँदासम्म कर तिरेकै आधारमा त्यस्तो संरचना तथा जग्गामा निजको स्वामित्व कायम भएको मानिने छैन ।

(ख) नगरपालिकाबाट उठाइएको वहाल विटौरी कर मेरो हो भनी कसैले दावी गर्न आएमा त्यस्तो दावी मान्य हुने छैन ।

## १४. उद्योग, ब्यापार, व्यवसाय, सेवा लगायतको प्रमाण तथा विवरण संकलन सम्बन्धी व्यवस्था :

(१) करदाताले आफ्नो उद्योग, ब्यापार, ब्यवसाय, सेवा लगायतको विवरण दाखिला गर्दा आधिकारिक पूँजी संरचना सहितको आफ्नो स्वामित्वको सम्पूर्ण विवरण सहितको प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पेश भएको प्रमाण आधिकारिक नभएमा त्यस्तो विवरण नगरपालिकाले स्वीकार गर्ने छैन तथा स्वीकार गर्न बाध्य हुने छैन ।

(३) करदाताहरूले विवरण दाखिला गर्दा देहाय बमोजिमका कागजातहरू समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

(क) अघिल्लो आर्थिक वर्षसम्मको आफ्नो दायीत्व बमोजिमको कर तथा राजस्व तिरेको निस्सा वा नगरपालिकाको प्रमाणित विवरण ।

(ख) उद्योग, ब्यापार, व्यवसाय, सेवाको दर्ता, भ्याट वा पान दर्ता लगायतका प्रमाण पत्रको प्रतिलिपि ।

(ग कारोवार सञ्चालन भएको आधिकारिक प्रमाण ।

(घ) अघिल्लो बर्षको बार्षिक कारोवार अंक ।

(ङ) अघिल्लो बर्षको कर चुक्ता प्रमापत्रको प्रतिलिपि । र

(च) वहालमा लिइ व्यवसाय सञ्चालन गरेको भए वहाल सम्झौताको प्रतिलिपि ।

नोटः एक पटक उल्लेखित प्रमाण पत्र पेश गरी नगरपालिकामा सूचिकृत भई नियमित कर तथा राजस्व तिरिरहेका उद्योग, ब्यापार, व्यवसाय तथा सेवा लगायतले आफ्नो आधिकारिक विवरणमा फेर बदल नभए सम्म उपदफा ३ को खण्ड ख र ग बमोजिमको विवरण पेश गर्न अनिवार्य रहने छैन ।

(४) कुनै ब्यक्ति वा सस्थाले आफ्नो उद्योग, ब्यापार, व्यवसाय तथा सेवा कानून बमोजिम अन्य कुनै ब्यक्ति वा संघसस्थालाई सझोता गरी निस्चित अवधिका लागि सञ्चालन गर्न दिईएको रहेछ भने उपदफा ३ बमोजिमको विवरण दाखिला गर्ने कर तथा राजस्व बुझाउने दायित्व सम्बन्धित सञ्चालकको हुनेछ ।

(५) प्रचलित कानुन बमोजिम दर्ता गरी सञ्चालन गर्नुपर्ने तर दर्ता नगरी सञ्चालनमा रहेका उद्योग, ब्यापार, व्यवसाय तथा सेवाहरूको विवरण बुझ्दा नगरपालिकाले त्यस्ता उद्योग, ब्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्दा लाग्ने कर तथा राजस्वको अनुमान गरी सो को दुई गुना धरौटी लिई नीजको विवरण स्वीकार गर्न सक्नेछ । तर त्यस्ता सरोकारवालाले नगरपालिकाले विवरण बुझेको बढिमा ६ महिना भित्र प्रचलित कानून बमोजिम आ-आफ्ना उद्योग, ब्यापार, व्यवसाय तथा सेवालाई सम्बन्धित निकायमा दर्ता गरी नगरपालिकामा सो को प्रमाण पेश गर्नु पर्नेछ ।

(६) करदाताले भरेको विवरण तथा प्रमाण जाँच गरी दर्ता गर्न नगरपालिकाले कर्मचारी वा टोली खटाउन सक्नेछ । यस्ता कर्मचारी वा टोलीले बुझ्न चाहेको सूचना वा माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

## परिच्छेद ६
## **अभिलेखिकरण सम्बन्धी व्यवस्था**

१५. सम्पत्ति/एकीकृत सम्पत्तिको अभिलेख सम्बन्धी व्यवस्था :

(१) नगरपालिकाले वडागत रूपमा करदाताको लगत खडा गरी प्रत्येक सम्पत्ति धनीको सम्पत्तिको छुट्टाछुट्टै विवरण खुल्ने गरी अनुसूची-२ बमोजिमको ढाँचामा सम्पत्ति/एकीकृत सम्पत्तिको अभिलेख राख्नु पर्नेछ ।

(२) सम्पत्ति/एकीकृत सम्पत्ति विवरण अभिलेखलाई पुष्टी गर्ने कागजातहरू सङ्कलन गरी व्यवस्थित रुपले फाईलिङ गरी अद्यावधिक राख्नु पर्दछ ।

(३) सम्पत्ति/एकीकृत सम्पत्तिको लगत किताब कम्तीमा तीन वर्षका लागि हुने गरी तयार गर्नु पर्नेछ । यस्तो लगत किताबमा करदाताले दफा १२ को उपदफा (७) बमोजिम पेश गरेको विवरणका आधारमा अद्यावधिक गर्नु पर्नेछ ।

(४) उपदफा (३) अनुसार सम्पत्ति विवरण अद्यावधिक गर्दा अनुसूची -५ बमोजिमको दाखिला टिपोट भरी सोको आधारमा जग्गा तथा संरचना दिनेको खाताबाट सम्पत्ति घटाई तथा जग्गा संरचना लिनेको खातामा सम्पत्ति बढाई अद्यावधिक गर्नु पर्नेछ ।

(५) करदाताले पेश गरेका विवरणहरू नगरपालिकाले स्थलगत निरीक्षण वा सम्बन्धित निकायबाट सूचना प्राप्त गरी अद्यावधिक गर्न सक्नेछ ।

(६) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर व्यवस्थापन गर्न नगरपालिकाले कम्प्युटरीकृत प्रविधि प्रयोग गर्न सक्नेछ ।

१६. उद्योग, ब्यापार, व्यवसाय, सेवा लगायतको अभिलेखिकरण

(१) नगरपालिकाले वडागत रूपमा करदाता उद्योग, ब्यापार, व्यवसाय, सेवा लगायतको लगत खडा गरी प्रत्येकको छुट्टाछुट्टै विवरण खुल्ने गरी अनुसूची १७ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ ।

(२) उद्योग, ब्यापार, व्यवसाय, सेवा लगायतका विवरण अभिलेखलाई पुष्टी गर्ने कागजातहरू सङ्कलन गरी ब्यवस्थित रुपले फाईलिङ गरी अद्यावधिक राख्नु पर्दछ ।

(३) उद्योग, ब्यापार, व्यवसाय, सेवा लगायतको लगत किताब कम्तीमा ५ वर्षका लागि हुने गरी तयार गर्नु पर्नेछ । यस्तो लगत किताबमा करदाताले दफा १४ बमोजिम पेश गरेको विवरणका आधारमा अद्यावधिक गर्नु पर्नेछ ।

(४) उपदफा (३) अनुसार विवरण अद्यावधिक गर्दा अनुसूची १८ बमोजिमको दाखिला टिपोट भरी सोका आधारमा उद्योग, ब्यापार, व्यवसाय, सेवाको विकि वितरण तथा हक हस्तारण भएको भए सोहि बमोजिम दिनेको खाताबाट घटाई तथा लिनेको खातामा बढाई वा राखि अद्यावधिक गर्नु पर्नेछ ।

(५) करदाताले पेश गरेका विवरणहरू नगरपालिकाले स्थलगत निरीक्षण वा सम्बन्धित निकायबाट सूचना प्राप्त गरी अद्यावधिक गर्न सक्नेछ ।

(६) उद्योग, ब्यापार, व्यवसाय, सेवा लगायतका क्षेत्रको व्यवस्थापन गर्न नगरपालिकाले कम्प्युटरीकृत प्रविधि प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद - ७

## सम्पत्ति तथा उद्योग, ब्यापार, व्यवसाय, सेवा लगायतको मूल्यांकन सम्बन्धी व्यवस्था

१७. सम्पत्ति/एकीकृत सम्पत्तिको मूल्यांकन विधि

(१) नगरपालिका क्षेत्रभित्र कुनै एक व्यक्तिका नाममा विभिन्न स्थानमा रहेका सम्पत्तिहरूलाई अलग अलग मूल्यांकन गरी एकीकृत गरिनेछ ।

(२) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिलाई एक व्यक्ति सरह मानी सोहीबमोजिम करदाता कायम गरिनेछ । संयुक्त स्वामित्वको सम्पत्ति सोही व्यक्तिको अन्य सम्पत्तिमा जोडिने छैन ।

(३) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर प्रयोजनका लागि नगरपालिकाले गरेको मूल्यांकन १ वर्षसम्म कायम रहनेछ ।

(४) कर दाता वा सम्पत्ति धनीले पहिलोपटक पेश गरेको सम्पत्ति विवरण थपघट भएमा वा दफा १८ को उपदफा (३) बमोजिम करदाताको सम्पत्तिको मूल्यांकन दर संशोधन भएमा त्यस्तो सम्पत्तिको पुनः मूल्यांकन गरिनेछ ।

(५) प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेका दिन करदाताका नाममा कायम रहेको सम्पत्तिको मूल्यांकन गरी कर असुल गरिनेछ ।

(६) सम्पत्तिको मूल्यांकन प्रयोजनको लागि जग्गाधनी प्रमाणपुर्जाका आधारमा जग्गाको स्वामित्व तथा क्षेत्रफल कायम गरिनेछ ।

(७) दफा १३ को उपदफा (४) बमोजिम विवरण प्राप्त सम्पत्तिको मूल्याङ्कन गर्दा संरचनाको मात्र मूल्याङ्कन गरी सम्पत्ति कर/एकीकृत सम्पत्ति कर असुल गरिनेछ ।

(८) संरचनाको मूल्यांकन प्रयोजनका लागि संरचनाको प्रकार, बनोटको किसिम, आकार, प्रयोग तथा निर्माण मिति करदाताले पेश गरेको विवरण अनुसार कायम गरिनेछ ।

तर, नक्सापास भएका संरचनाको हकमा नक्सापास प्रमाणपत्रलाई आधारका रूपमा लिन बाधा पुगेको मानिने छैन ।

(९) एउटै जग्गा धनिको नाममा रहेका सिमाना जोडिएका कित्ताहरुको मूल्यांकन गर्दा त्यस्तो जग्गाहरूमध्ये कुनै कित्ताले सडक छोएको रहेछ भने सम्पूर्ण जग्गालाई एउटै प्लट मानी मूल्यांकन गरीनेछ ।

तर, सडकले छोएको जग्गाको हद तोकिएको अवस्थामा सो हद भन्दा पछाडिको जग्गालाई सडकले छोएको कायम गरिने छैन ।

(१०) नगरपालिकाले संरचनाको मूल्यांकन गर्दा सिनेमा हल, ठूला उद्योग, कलकारखाना जस्ता संरचनाहरूको स्थलगत रुपमा नै नापजाँच गरी मूल्यांकन गर्न सक्नेछ

१८. करदाताको सम्पत्ति/एकीकृत सम्पत्तिको मूल्यांकन :

(१) प्रत्येक करदाताको सम्पत्तिको मूल्यांकन अनुसूची-८ बमोजिमको मूल्यांकन फारामको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले तोकेको सम्बन्धित शाखाको कर्मचारीले गर्नेछन् ।

तर, प्रमाणीक सफ्टवयर प्रयोग गरी सम्पत्तिको मूल्यांकन गर्न यसले वाधा पुऱ्याएको मानिने छैन ।

(२) जग्गाको मूल्यांकन गर्दा सामान्यतः करदाता स्वयंले पेश गरेको मूल्यांकन दरका आधारमा गरिनेछ ।

तर, करदाताले पेश गरेको मूल्यांकनको दर सभाले तोकेको न्यूनतम दरभन्दा कम भएमा सभाले तोकेको न्यूनतम मूल्यांकन दरअनुसार मूल्यांकन गरिनेछ

(३) करदाताले दाखिला गरेको मूल्यांकन दरमा सामान्यतया एक वर्षसम्म कुनै पनि संशोधन गरिने छैन ।

तर, करदाताले आफ्नो सम्पत्तिको मूल्यांकनमा मनासिव कारण सहित संशोधन गर्न माग गरेमा निजको निवेदनका आधारमा निजले पेश गरेको कारण मनासिव ठहर भएमा नगरपालिकाले वर्षमा एकपटकसम्म मूल्यांकन दर संशोधन गरिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मूल्यांकन दर संशोधन गर्दा सभाले स्वीकृत गरेको न्यूनतम मूल्यांकन हद भन्दा कम हुने गरी संशोधन गर्न पाईने छैन ।

(५) संरचनाको मूल्यांकन प्रयोजनका लागि ह्रास कट्टी गर्दा अनुसूची- ९ बमोजिमको दररेट अनुसार एक वर्षका लागि एकैपटक गरिनेछ । यसरी ह्रस कट्टी गर्दा संरचनाको दश प्रतिशत मूल्यलाई शेष मूल्य कायम राखि नब्बे प्रतिशतसम्म मात्र ह्रास कट्टी गरिनेछ ।

१९. विवरण पेश नगर्ने करदाताको सम्पत्तिको मूल्यांकन सम्बन्धी व्यवस्था :

(१) कुनै करदाताले आफ्नो सम्पत्तिको विवरण दाखिला नगरेमा नगरपालिकाले त्यस्ता व्यक्तिलाई विवरण दाखिला गर्न लिखित आदेश वा सूचना दिन सक्नेछ । त्यस्तो आदेश वा सूचनाको जानकारी पत्रपत्रिका, इमेल वा फ्याक्स मार्फत पनि जारी गर्न सकिनेछ । यस्तो आदेश पाएको वा सूचना जारी भएको मितिले ३५ दिनभित्र आफ्नो सम्पत्तिको विवरण दाखिला गर्नुपर्ने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्तिको विवरण दाखिला गर्न दिएको समयावधिभित्र सम्पत्तिको विवरण दाखिला नगरेमा प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको कर्मचारीले स्थलगत रूपमा बुझी अनुमानित कर तोकी विवरण बुझाउन लिखित आदेश दिन सक्नेछ ।

तर, मूल्यांकन उपसमिति कार्यरत रहेको अवस्थामा भने यस बुँदा बमोजिमको कार्य मूल्यांकन उपसमितिले गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश पाएको मितिले पैंतीस (३५) दिनभित्र यथार्थ विवरण पेश गरी जरिवानाका साथै कर रकम चुक्ता गर्ने दायित्व सम्बन्धित करदाताको हुने छ ।

(४) उपदफा (२) बमोजिमको आदेश पाएको मितिभित्र पनि करदाताले विवरण बुझाई कर दाखिला नगरेमा नगरपालिकाले निजको नाममा रहेको चलअचल सम्पत्ति रोक्का राखी सेवा वन्द गर्ने वा अन्य कुनै तरिकाले सरकारी बाँकि सरह कर असुल गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कर असुल गर्दा प्रमुख प्रशासकीय अधिकृतले लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धित करदाताबाट असुलउपर गर्न सक्नेछ । यस्तो खर्च निजले तिर्नुपर्ने कर रकमको दोब्बरभन्दा बढी हुनेछैन ।

(६) कुनै करदाताले बैंक वा वित्तिय संस्थामा धितोवापत राखेको सम्पत्तिको बैंकले सम्पत्ति कर/एकीकृत सम्पत्ति कर चुक्ता गर्न चाहेमा बैंकको अनुरोधमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो धितो जग्गाको मात्र मूल्यांकन गरी सम्पत्ति कर/एकीकृत सम्पत्ति कर असूल गर्न सक्नेछ ।

२०. उद्योग, ब्यापार, व्यवसाय तथा सेवाको मूल्यांकन विधि

(१) नगरपालिका क्षेत्रभित्र कुनै एक व्यक्ति, सामुहिक वा सस्थाका नाममा विभिन्न स्थानमा रहेका उद्योग, ब्यापार, व्यवसाय तथा सेवाहरूलाई अलग अलग मूल्यांकन गरी एकीकृत गरिनेछ ।

(२) संयुक्त लगानी वा संस्थागत लगानीमा रहेका उद्योग, ब्यापार, व्यवसाय तथा सेवाहरूलाई एक व्यक्तिसरह मानी सोहीबमोजिम करदाता कायम गरिनेछ । संयुक्त वा संस्थागत स्वामित्वको सम्पत्ति सोही व्यक्तिको अन्य ब्यक्तिगत सम्पत्तिमा जोडिने छैन ।

(३) उद्योग, ब्यापार, व्यवसाय तथा सेवाहरू संग सम्बन्धित कर प्रयोजनका लागि नगरपालिकाले गरेको मूल्यांकन तथा निर्धारण गरेको कर तथा राजस्वको दर सोहि आर्थिक वर्षसम्म मात्र कायम रहनेछ ।

(४) कर दाता पहिलोपटक पेश गरेको विवरण थपघट भएमा वा दफा २१ को उपदफा (३) बमोजिम करदाताको मूल्यांकन दर संशोधन भएमा त्यस्तो विवरणको पुनः मूल्यांकन गरिनेछ ।

(५) प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेका दिन करदाताका नाममा कायम रहेको उद्योग, ब्यापार, व्यवसाय तथा सेवाको मूल्यांकन गरी सोह आधारमा कर असुल गरिनेछ ।

२१. करदाताको उद्योग, ब्यापार, व्यवसाय तथा सेवाको मूल्यांकन :

(१) प्रत्येक करदाताको उद्योग, ब्यापार, व्यवसाय तथा सेवाको मूल्यांकन अनुसूची १९ बमोजिमको मूल्यांकन फारामको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले तोकेको सम्बन्धित शाखाको कर्मचारीले गर्नेछन् ।

तर, प्रमाणीक सफ्टवयर प्रयोग गरी उद्योग, ब्यापार, व्यवसाय तथा सेवाको मूल्यांकन गर्न यसले वाधा पुर्‍याएको मानिने छैन ।

(२) उद्योग, ब्यापार, व्यवसाय तथा सेवाको मूल्यांकन गर्दा सामान्यतः करदाता स्वयंले पेश गरेको विवरणका आधारमा गरिनेछ ।

तर, करदाताले पेश गरेको विवरण वास्तविक विवरण भन्दा फरक परेमा कर तथा राजस्व परामर्श समितिले गरेको सिफारिसका आधारमा कर तथा राजस्व निर्धारण गरिनेछ ।

(३) करदाताले दाखिला गरेको बिबरण तथा मुल्याङ्कन दरमा सामान्यतया १ वर्षसम्म कुनै पनि संशोधन गरिने छैन ।

तर, करदाताले आफ्नो बिबरण संशोधन गर्न चाहेमा निजको निवेदनका आधारमा कारण मनासिव भएमा नगरपालिकाले संशोधन गरिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम विवरण संशोधन गर्दा सभाले स्वीकृत गरेको न्यूनतम दर रेट भन्दा कम हुने गरी संशोधन गर्न पाईने छैन ।

(५) उद्योग, ब्यापार, व्यवसाय तथा सेवासंग सम्बन्धित सम्पत्ति कर/एकीकृत सम्पत्ति करको दर अनुसूची अनुसूची १ र बार्षिक व्यवसाय वा सेवा सञ्चालन गरे बापत लाग्ने कर तथा राजस्वको दर उद्योग, ब्यापार, व्यवसाय तथा सेवाको अनुसूची १५ मा उल्लेख भएको बर्गिकरणका आधारमा नगरसभाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ८
## कर, राजस्व तथा सेवा शुल्कको दररेट निर्धारण तथा बिलिङसम्बन्धी व्यवस्था

२२. कर तथा राजस्व, दस्तुर तथा सेवा शुल्कको दररेट निर्धारण :

(१) प्रचलित ऐन कानून साथै नगरपालिकाको आर्थिक ऐन बमोजिम सम्पत्ति कर/एकीकृत सम्पत्ति कर, घर बहाल कर, सवारी साधन कर, विज्ञापन कर, व्यवसाय कर, मनोरञ्जन कर लगायतका संपूर्ण उद्योग, ब्यापार, व्यवसाय तथा सेवाहरू संग सम्बन्धित कर (सडक उपभोग शुल्क समेत) साथै घर नक्सा पास दस्तुर, सेवाशुल्क तथा दस्तुर, घर जग्गा रजिष्ट्रसन शुल्क, पर्यटन शुल्क लगायत सवै प्रकारका सेवा शुल्क तथा दस्तुर को स्ल्याब तथा दर रेट नगर सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम करको स्लायव तथा दर रेट निर्धारण गर्दा कर तथा राजस्व परामर्श समितिको सिफारिस तथा अध्ययन प्रतिवेदन (सम्पत्ति कर/एकीकृत सम्पत्ति करको हकमा मूल्याङ्कन उपसमितिको मूल्याङ्कन प्रतिवेदन मार्फत) लाई प्रमुख आधार मानिनेछ । तर अन्य

विज्ञ ब्यक्ति, समुह तथा संघ सस्थले दिएका सुझावलाइ आवश्यकताका आधारमा ग्रहण गर्न यसले बाधा पुऱ्याएको मानिने छैन ।

(३) नगरपालिकाले नगरसभाको निर्णय बमोजिम नगरबासीहरूलाई फोहोरमैला व्यवस्थापन, सरसफाइ, सडकबत्ती, ढल निकास जस्ता आफूले उपलब्ध गराउने सेवासुविधाका निम्ति सम्पत्ति कर/एकीकृत सम्पत्ति कर तथा अन्य कर तथा राजस्वको निश्चित प्रतिशत शुल्क वा दस्तुर थप गरी लगाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम थप सेवासुविधाको निम्ति लगाइएको थप शुल्क वा दस्तुरबापत उठेको रकमको अलग अलग हिसाब राखी सम्बन्धित सेवासुविधाका लागि मात्र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ । उक्त सेवा उपलब्ध गराएबापत अन्य कुनै तरिकाबाट वा अन्य कुनै निकायले पुनः शुल्क वा दस्तुर लिन पाउने छैन ।

२३. कर तथा राजस्व बिलिङ सम्बन्धी व्यवस्थाः

(१) सम्पत्तिको मूल्यांकन तथा कर निर्धारण भइसकेपछि अनुसूची -१० बमोजिमको ढाँचामा सम्पत्ति कर/एकीकृत सम्पत्ति कर तथा अनुसूची २० बमोजिमको ढाँचामा व्यवसाय कर तथा राजस्वका बिजक तयार गरी करदातालाई उपलब्ध गराउनु पर्दछ ।

(२) कर तथा राजस्व बिजकको पहिलो प्रति सम्बन्धित करदातालाई उपलब्ध गराई दोस्रो प्रति सम्बन्धित करदाताको फाइलमा राख्नु पर्नेछ ।

(३) कर तथा राजस्वको बिजक नगरपालिकाले सम्बन्धित करदाता वा सरोकारवालालाई पत्राचार, इमेल, एसएमएस आदिको माध्यमवाटजानकारी दिन सक्नेछ ।

(४) कर तथा राजस्वको बिजक करदाता वा सम्बन्धीत सरोकारवालालाई बुझाउन नगरपालिकाले आपसी सम्झौताका आधारमा सम्बन्धीत सरोकारवालाको गोपनियता कायम रहने गरी कुनै सामुदायिक संघसंस्था, टोल विकास संगठन वा नीजि क्षेत्रलाई परिचालन गर्न सक्नेछ ।

(५) नगरपालिकाबाट कर तथा राजस्वको बिजक तयार भइनसकेको अवस्थामा करदाताले कर बुझाउन चाहेमा तत्कालै बिजक तयार गरी असुल गर्नु पर्नेछ ।

(६) नगरपालिकाले जारी गरेको बिजक उपर कसैलाई चित्त नबुझेमा अनुसूची -११ को ढाँचामा नगरपालिका प्रमुख समक्ष उजुरी दिन सक्नेछन् । यसरी पर्न आएको निवेदन प्रमुखले कर तथा राजस्व परामर्श समिति मार्फत जाँचबुझ गर्न लगाई एक महिना भित्र निर्णयका लागि नगरपालिकामा पेश गर्न लगाउनु पर्नेछ । कर तथा राजस्व परामर्श समितिले छानविन गरी पेश गरेको प्रतिवेदन वा रायका आधारमा नगर कार्यपालिकाले बढिमा १५ दिन भित्र आवश्यक निर्णय गरी सम्बन्धित पक्षलाई जानकारी दिईसक्नु पर्नेछ । यस विषयमा नगर कार्यपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

## परिच्छेद - ९
## कर तथा राजस्व असुली व्यवस्था

२४. कर तथा राजस्व असुली :

(१) नगरपालिकाले सवै प्रकारका कर तथा राजस्व संकलनकोकार्य आर्थिक प्रशासन शाखा बाट गर्नेछ । कर तथा राजस्व सम्बन्धी सम्पूर्ण अभिलेखहरू उक्त शाखा प्रमुख वा प्रमुखले तोकेको शाखाको जिम्मेवार कर्मचारीको जिम्मामा रहनेछ ।

(२) सम्पत्ति कर/एकीकृत सम्पत्ति करको संकलन अनुसूची - १२ तथा अन्य कर तथा राजस्वको संकलन अनुसूची २१ बमोजिम नगदी रसिदबाट हुनेछ । नगदी रसिदको पहिलो प्रति सम्बन्धित करदाताको फाइलमा राखी दोस्रो प्रति सम्बन्धित करदातालाई उपलब्ध गराउनु पर्नेछ ।

(३) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर असुली रकमको दैनिक विवरण अनुसूची - १३ र अन्य कर तथा राजस्वको दैनिक विवरण अनुसूची २२ बमोजिमको ढाँचामा तयार गरी सोहि दिन वा सोहि दिन संभव नभएमा सोको भोलिपल्ट बैंक दाखिला गर्नु पर्नेछ । बैक भौचर र विवरण आर्थिक प्रशासन शाखामा बुझाउनु सम्बन्धित शाखा तथा उपशाखा प्रमुखको कर्तव्य हुनेछ ।

(४) दफा ६ को उपदफा (१) बमोजिम सम्पत्ति कर/एकीकृत सम्पत्ति कर नलाग्ने भनी तोकिएका वा नगरपालिकाको नगर सभाले कर तथा राजस्व नलाग्ने भनि तोकिएका सम्पत्ति तथा विषय बस्तुको हकमा नगरपालिकाले सम्पत्ति, कर तथा राजस्वको मूल्यांकन गरी कर नलाग्ने व्यहोरा जनाई नगदी रसिद उपलब्ध गराउनु पर्नेछ । तर, दफा २१ को उपदफा (३) बमोजिम लगाइएको सेवाशुल्क तथा दस्तुर बुझाउनु सम्बन्धित सेवाग्राहीको कर्तव्य हुनेछ ।

(५) करदाताहरूले नगरपालिकामा आफ्नो सम्पत्ति, उद्योग, ब्यापार, व्यवसाय, सेवा लगायतका कर तथा राजस्व संग सम्बन्धित विवरण दाखिला नगरेको वा नगरपालिका तत्कालकालागि त्यस्तो सम्पत्ति, उद्योग, ब्यापार, व्यवसाय, सेवालगायतको पहिचान गर्न नसकेका कारणले कुनै करदाता कर तिर्ने दायित्वबाट मुक्त हुने छैनन् ।

(६) नगरपालिकाले प्राविधिक लगायतका कारणले आर्थिक वर्षको श्रावण १ गतेबाट कर तथा राजस्व बुझिलिन नसक्ने अवस्था उत्पन्न भई केही दिन ढीला हुन गएमा निश्चित अवधिसम्मका लागि यस प्रकारका कर तथा राजस्व धरौटी स्वरुप लिई सम्बन्धित सरोकारवाला वा कर दातालाई फुकुवापत्र दिन सकिनेछ ।

(७) करदाताले अग्रीम रुपमा कर तथा राजस्व बुझाउन चाहेमा नगरपालिकाले लाग्ने कर तथा राजस्वको अनुमान गरी अग्रीम रुपमा रकम बुझ्न सक्नेछ । नगरपालिकाले यसरी बुझेको रकमलाई धरौटीको रुपमा राखि प्रत्येक बर्ष कर रकममा मिलान गर्नेछ ।

(८) करदाताले वक्यौता रकममध्ये केही रकम वुझाउन चाहेमा नगरपालिकाले अधिल्ला वर्षहरूको क्रमशः रकम बुझिलिन सक्नेछ । तर यसरी वक्यौता असुल गर्दा अधिल्लो वर्षको वाँकी राखि चालु आर्थिक वर्षको कर रकम बुझ्न पाइने छैन । बुझेको पाईएमा नगरपालिकालाई भएको नोक्सानी सम्वन्धित कर्मचारीवाट असुल उपर गरिनेछ ।

२५. ठेक्का तथा सेवा करारबाट कर तथा राजस्व असुली तथा लिलाम बिक्रि:

(१) सामान्यतया सवै प्रकारका कर तथा राजस्व लगायत सेवा शुल्क र दस्तुर समेत नगरपालिका स्वयम्ले सङ्कलन गर्नेछ तर विशेष कारणले नगरपालिका स्वयमले सङ्कलन गर्न नसक्ने अवस्था रहेमा नगर कार्यपालिकाको निर्णय बमोजिम ठेक्का रकम असुलिको सुरक्षणको पर्याप्त ब्यवस्था गरी कुनै पनि कर तथा राजस्व साथै सेवा शुल्क तथा दस्तुर संकलनको कार्य दर्तावाला विज्ञ संघ संगठन वा उपयुक्त ब्यक्तिलाई सेवा करारमा वा ठेक्कामा दिन सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका तथा सार्वजनिक संपतिको संरक्षण गर्नु पर्ने दायित्व भित्र रहेका पोखरी, पार्क, चरन क्षेत्र, बनजंगल, खोला नाला, सिमसार, खुला क्षेत्र लगायतको संरक्षण र सम्बर्द्धन गरी आय आर्जन गर्न पशु पन्छि पालन, माछा

पालन, कृषि उत्पादन, थोक तथा खुद्रा व्यापार व्यवसाय सञ्चालन लगायतका नगर कार्यपालिकाले उपयुक्त ठानेका कार्यकालागि करार सम्झौता गरी निस्चित अवधिकालागि ठेक्कामा दिन सक्ने छ ।

(३) स्थानीय दैनिक तथा साप्ताहिक हाट बजार कर, सवारी पार्किङ शुल्क, सवारीकर, सरसफाई शुल्क संकलन, सार्वजनिक सौचालाय, नगरपालिकाको स्वामित्व तथा संरक्षणमा रहेका घर, भवन, गोदाम तथा सेड, यन्त्र उपकरण समेत करार संझौता गरी निस्चित अवधिकालागि ठेक्का/भाडामा दिन सक्नेछ ।

(४) नगरपालिकाको स्वमित्वमा रहेको दफा ५ को छ र ज बमोजिमको बस्तु वा सामाग्रि वा सम्पत्ति लगायत अन्य कुनै पनि स्थिर सम्पत्ति काम नलाग्ने भई वा नगरपालिकालाई आवश्यक नभई विकि वा लिलाम विकि गर्नु पर्ने भएमा आर्थिक प्रशासन शाखाको सिफारिस तथा कर तथा राजस्व परामर्श समितिको राय सुझाव आधारमा विकि वा लिलाम विकि गर्ने सम्पत्तिको सम्बन्धित प्राविधिक बाट मूल्याङ्कन गरी न्यूनतम मूल्य समेत ताकि नगरकार्यपालिकाको निर्णय बमोजिम कार्यकारी प्रमुखले आवश्यक निर्णय गरी सो निर्णय अनुसार त्यस्तो सम्पत्ति विकि वा लिलाम विकि गर्न सक्नेछ । यसरी लिलामि गर्दा बोलपत्र आह्वान संग सम्बन्धित सवै ब्यवस्था पालना गर्नु गराउन भने अनिवार्य हुनेछ ।

(५) उपदफा (१), (२) र (३) बमोजिमको सेवा करार वा ठेक्काकालागि बार्षिक वा मासिक न्यूनतम ठेक्का अङ्क तोकि सार्वजनिक सूचना मार्फत बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिमको प्रत्येक विषयगत शिर्षकको न्यूनतम ठेक्का अङ्क नगर सभा बाट पारित सम्बन्धित शिर्षक अन्तरगत बार्षिक आय अनुमान लाई समेत अध्ययन गरी कर तथा राजस्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्धारण गर्नेछ । स्वीकृत बार्षिक नीति, कार्यक्रम तथा बजेटशिर्षकमा नपरेका वा छुट भएका कुनै विषय र शिर्षकको हकमा नगरकार्यपालिकाले चालु आ.व. कालागि न्यूनतम अङ्क रकम निर्धारण गर्न सक्नेछ ।

२६. **बोलपत्र आह्वान**

(१) दफा २५ को उपदफा (२) बमोजिमको बोलपत्र आव्हान गर्दा रु. विसलाख सम्मको स्थानीय दैनिक पत्रीकामा र रु.बिस लाख भन्दा माथिको हकमा कुनै नेपाली वा अंग्रेजी भाषाको राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा ३० दिनको म्याद दिई विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ३० दिनको म्याद दिई बोलपत्र आव्हान गर्दा बोलपत्र नपरेमा वा आवश्यक संख्यामा बोलपत्र नआएमा १५ दिनको म्याद दिई पुनः सूचना प्रकाशित गरिनेछ र यसरी पुनः सूचना प्रकाशित गर्दा समेत बोलपत्र नपरेमा वा आवश्यक संख्यामा बोलपत्र प्राप्त नभएमा कर तथा राजस्व परामर्श समितिले शिलबन्दी दरभाउ पत्र वा वार्ताको माध्यमबाट उक्त कार्य गर्न गराउन सक्नेछ ।

(३) बोलपत्र सम्बन्धी व्यवस्था सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली, २०६४मा भएको व्यवस्था बमोजिम हुनेछ ।

(४) उपदफा (१) तथा (२) बमोजिम प्रकाशित विज्ञापनमा देहायका कुराहरू उल्लेख हुनु पर्नेछ :-

(क) सम्पादन गर्नु पर्ने कार्यको छोटकरी विवरण, परिमाण र आवश्यक रहेमा गुणस्तरसमेत

(ख) बोलपत्र फाराम प्राप्त हुने तथा सो पेश गर्ने ठाउं, मिति र समय,
(ग) बोलपत्र खोल्ने ठाउं, मिति र समय,
(घ) नगरपालिकाले बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने, नगर्ने वा कारण जनाई, नजनाई अस्वीकृत गर्न सक्ने अधिकार,
(ङ) बीडवण्ड, आयकर, मूल्य अभिबृध्दिकर दर्ता,
(च) बोलपत्र फाराम खरिद मूल्य,
(छ) फर्म, कम्पनी दर्ता सम्बन्धी कागजात,
(ज) बोलपत्रदाताको योग्यता
(झ) ठेक्काको हकमा न्यूनतम ठेक्का अङ्क
(ञ) मूल्य स्थिरता सम्बन्धी व्यवस्था
(ट) भुक्तानी प्रकृया, उधारो सीमा र भुक्तानी मुद्रा,
(ठ) कार्य सम्पादन गरिसक्नु पर्ने अवधि, स्थान र कार्यतालिका,
(ड) बिडबण्ड र परफरमेन्स बण्ड सम्बन्धी ब्यवस्था,
(ढ) विशेष परिस्थिति सम्बन्धी शर्त,
(थ) विवाद समाधानका लागि मध्यस्थता सम्बन्धी व्यवस्था,
(द) बोलपत्रदाताको फर्म/संस्था दर्ता प्रमाणपत्र, अख्तियारी पत्र र अन्य सम्बन्धित कागजातहरू र सम्झौतापत्र सम्बन्धी व्यवस्था,
(ध) बोलपत्रदाताको प्राविधिक,आर्थिक,संगठनात्मक क्षमता, अनुभव आदिको आवश्यक विवरण, र
(न) अन्य आवश्यक कुराहरु ।

(५) उपदफा (४) मा उल्लेखित कुराहरूमध्ये पत्रिकामा संक्षिप्त सूचना मात्र प्रकाशित गरी अरु कुराहरू बोलपत्र फारामसाथ संलग्न शर्तमा खुलाउन सकिने छ ।

(६) बोलपत्र खोल्ने तरिका देहाय बमोजिम हुनेछ :-
(क) नियमानुसार प्राप्त बोलपत्रहरू तोकिएको मिति र स्थानमा बोलपत्रदाता वा निजको प्रतिनिधि नगरपालिकाका सम्बन्धित शाखा तथा समितिका सदस्यहरुको उपस्थितिमा खोलिने छ । तर बोलपत्र खोल्ने समय स्थानमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्नलाई बाधा पुग्ने छैन ।
(ख) खण्ड (क) बमोजिम खोलिएको बोलपत्रका साथ पेश भएका प्रस्तावहरूको तुलनात्मक रुपमा अध्ययन गर्न कर तथा राजस्व परामर्श समितिमा पेश गरिनेछ र सो अध्ययनबाट प्राविधिक हिसावले समेत योग्य ठहरिएका अधिकतम मूल्य अंकित गर्ने बढिमा तीन वटा बोलपत्र आवश्यक निर्णयका लागि नगर कार्यपालिकामा सिफारिस सहित पेश गरिनेछ ।

(७) देहायको अवस्थामा प्राप्त कुनै पनि बोलपत्र स्वीकृत गरिने छैन :-
(क) तोकिएको वा जारी गरिएको ढांचामा पेश नगरिएको,
(ख) बोलपत्रदाताले आफ्नो आधिकारिक छाप नलगाई पेश गरेको,
(ग) बोलपत्रदाताको हस्ताक्षर नभएको,
(घ) तोकिएको समयभित्र पेश नभएको,
(ङ) अपूरो बोलपत्र वा कागजात पेश गरिएको,
(च) बिडबण्ड (बोलपत्रमा अंकित रकमको कम्तीमा ५ प्रतिशत पेश गर्न भनिएकोमा सो पेश नगरिएको ,

(छ) जथाभावी केरमेट गरी सोमा हस्ताक्षर नगरी पेश भएको,

(ज) शिलबन्दी नगरी पेश भएको,

(झ) नगरपालिका बाट बिक्री भएको बोलपत्र फाराममा पेश नभएको,

(ञ) प्रत्येक आइटमको दररेट वा कुल ठेक्का रकम स्पष्ट रुपमा भरी पेश नगरेको,

(ट) संयुक्त उपक्रम (ज्वाइन्टभेन्चर) मा काम गर्ने ठेकेदारले संयुक्त लगानी सम्बन्धी सम्झौताको प्रमाणित प्रतिलिपि पेश नगरेको , र

(ठ) बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नगरी पेश गरिएको

(८) रीत नपुगेका बोलपत्र तथा त्यस्ता बोलपत्रकासाथ पेश गरिएको बिडबण्ड फिर्ता हुने छैन ।

(९). पेश भएको बोलपत्र स्वीकृत गर्ने नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने, पुनः बोलपत्र आव्हान गर्ने सम्बन्धि संपूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

(१०). परफरमेन्स बण्ड : सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ को व्यवस्था अनुसारको परफरमेन्स वण्ड लिइनेछ । सम्झौता अनुसारको कार्य सम्पन्न भइ त्रुटी सच्याउने अवधि समाप्त भएपछि परफरमेन्स बण्ड फुकुवा गरिने छ ।

(११). सम्झौता :नगरपालिका र बोलपत्रदाता बीच सम्पन्न सम्झौतामा बोलपत्रमा भएका जरिवाना (पेनाल्टी) लगायतका सबै शर्तहरू उल्लेख गर्नु पर्नेछ । सम्झौतामा आयकर, भुक्तानी, कार्य सम्पादन गर्ने समय तथा म्याद थप र बिशेष परिस्थिति तथा विवादको समाधान सम्बन्धी व्यवस्था लगायतका कुराहरू समेत उल्लेख गर्नुपर्नेछ ।

(१२). वीमा तथा अन्य व्यवस्था : ठेक्का संझौता बमोजिमको कार्यको जोखिम न्यूनिकरणकालागि कम्तिमा ठेक्का अङ्क बराबरको विमा गर्नु पर्ने दायित्व सम्बन्धित बोलपत्र दाताको हुनेछ ।

(१३). दरभाउपत्र वा बोलपत्र माग गर्नु नपर्ने : नेपाल सरकार वा सरकारको स्वामित्व भएको निगम, कम्पनी वा संस्थाले नगरपालिकाले ठेक्का वा भाडामा दिने भनि निर्धारण गरेका विषय तथा कार्यहरू नगरपालिकाले निर्धारण गरेको दर रेट वा विकि मूल्यमा नघट्ने गरी कामगर्ने लिखित ईच्छा जाहेर गरेमा दरभाउपत्र वा बोलपत्र माग गर्नु पर्ने छैन । तर यस्ता निकायहरू एक भन्दा बढी भएमा नगरपालिकाले निर्धारण गरेको मूल्य कम नहुने गरी सम्बन्धित पक्ष संग सिधै वार्ताद्वारा वा यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी प्रतिस्पर्धात्मक तवरबाट कार्य गर्ने अनुमति दिन यो कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

(१४) बोलपत्रको ढाँचा तथा आवश्यक कागजात अनुसूची २३ मा उल्लेख भए बमोजिमको हुनेछ ।

(१५) नगरपालिकाले निर्धारण गरेको न्यूनतम रकम भन्दा कम अङ्कमा ठेक्कामा दिन नगरपालिका बाध्य हुने छैन ।

तर दफा २५ र २६ मा जुनसुकै कुरा लेखिएको भएतापनि ठेक्का वन्दोबस्तको सम्बन्धमा संघीय सार्वजनिक खरीद ऐन तथा नियमावलीसंग वाझिएको हकमा सार्वजनिक खरीद ऐन तथा नियमावलीमा उल्लेख व्यवस्था मान्य हुनेछ ।

## परिच्छेद - १०

## पुरस्कार, मिनाहा तथा दण्ड जरिबाना सम्बन्धी व्यवस्था

२७. विवरण दाखिला नगरेमा जरिबाना हुने :

(१) नगरपालिकाले सम्बन्धित सरोकारवाला वा करदातालाई आफ्नो सम्पत्ति, उद्योग, ब्यापार, व्यवसाय वा सेवाको विवरण दाखिला गर्न तोकेको म्यादभित्र दाखिला नगरेमा अनुसूची -१४ बमोजिम थप शुल्क लिई निजको सम्पत्ति, उद्योग, ब्यापार, व्यवसाय तथा सेवाको विवरण बुझि लिन सक्नेछ ।

(२) करदाताले झूट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्ति, उद्योग, ब्यवापार, बयवाशाय तथा सेवाको पुनः मूल्यांकन गरी जरिबाना सहितको कर रकम असुल उपर गरिनेछ । यस्तो जरिबाना लुकाएको सम्पत्तिमा तथा विवरणमा नगरपालिकाको आर्थिक ऐन तथा प्रचलित नियमानुसार लाग्ने कर रकमको प्रति वर्ष नगर सभाले तोकेको प्रतिशतले हुन आउने रकम बराबर हुनेछ ।

(३) सम्पत्ति कर/एकीकृत सम्पत्ति करको हकमा सम्पूर्ण जग्गाको विवरण दाखिला नगरेको, सडकले छोएको सम्वन्धी विवरण सहि नदिएको, एउटै व्यक्तिको सम्पत्तिको दुई पटक सम्पत्ति विवरण दाखिला गरेको, सक्कल कागजातलाई केरमेट गरी अन्यथा गरेको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा सोलाई झूट्टा विवरण दाखिला गरेको मानी उपदफा (२) बमोजिम पुनः कर निर्धारण गरी सोही बमोजिम जरिबानासमेत असुलउपर गरिनेछ ।

(४) कुनै सम्पत्ति धनीले तथा कुनै पनि उद्योग, ब्यापार, व्यवसाय वा सेवा संग सम्बन्धित संघ, सस्था तथा प्रतिष्ठानले झूट्टा विवरण दाखिला गरेको भनी नगरपालिकामा उजुरी प्राप्त भएमा सो उजुरी उपर ३५ दिनभित्र कर तथा राजस्व परामर्श समितिले जाँचबुझ गरी नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको उजुरी सही ठहरिएमा झूट्टा विवरण पेश गर्ने सम्बन्धित व्यक्ति, संगठन वा संस्थालाई नगरपालिकाले जरिवाना गर्न सक्नेछ । यसरी गरेको जरिबाना रकमको निश्चित प्रतिशत नगरकार्यपालिकाको निर्णय बमोजिम सम्बन्धित उजुरी कर्तालाई पुरस्कार स्वरुप दिई सोको अभिलेख गोप्य राखिनेछ ।

२८. कर छूट तथा जरिवाना सम्बन्धी व्यवस्था :

(१) नगरपालिका क्षेत्रभित्रका सवै करदाताले प्रत्येक वर्षको सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लगायत आफ्नो दायित्व भित्र पर्ने कर तथा राजस्व सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नु पर्नेछ ।

(२) प्रत्येक आर्थिक वर्षमा बुझाउनुपर्ने सम्पत्ति कर/एकीकृत सम्पत्ति कर तथा अन्य कर तथा राजस्व सोही आर्थिक वर्षको पौष मसान्तभित्र बुझाएमा लाग्ने कर रकममा १० प्रतिशत र चैत्र मसान्त भित्र बुझाएमा ५ प्रतिसत छूट दिइनेछ । नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विभिन्न उद्योग व्यवसायलाई औद्योगिक व्यवसाय ऐन २०७३ को दफा १५ बमोजिमको बर्गिकरणका आधारमा प्राथमिकता तोकि साथै दफा १७ बमोजिमको राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग व्यवसायको हकमा नगर कार्यपालिकाले छुट्टै विधि र

प्रकृयाको निर्धारण गरी दफा २७ बमोजिमको आधारमा कर तथा राजस्वमा छुट, सुविधा वा सहुलियतको व्यवस्था गर्न सक्नेछ ।

(३) बक्यौता कर तथा राजस्व भुक्तानी गर्दा देहाय अनुसार जरिबाना लाग्नेछ :

क) एक वर्षको बक्यौतामा सोको १५ प्रतिशतले हुन आउने रकम ।

ख) एक वर्षभन्दा बढीको बक्यौतामा प्रतिवर्ष २५ प्रतिशतले हुन आउने रकम ।

ग) झूट्ठा विवरण पेश गर्नेको हकमा जम्मा लाग्ने कर तथा राजस्वको ५० प्रतिशतले हन आउने रकम ।

(४) पाँच वर्षसम्म सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लगायत कर तथा राजाश्व भुक्तानी नगर्ने करदाताका नाममा रहेको घरजग्गा रजिस्ट्रेसन तथा उद्योग, ब्यापार, व्यवसाय र सेवाको नविकरण रोक्का राख्ने कारबाही गरिनेछ ।

(५) घरजग्गा रोक्का राखेको तथा उद्योग, ब्यापार, व्यवसाय र सेवाको नविकरण रोक्का राखेको १० वर्षसम्म पनि करदाताले कर चुक्ता नगरेमा सम्बन्धित करदाताको सम्पत्ति प्रचलित कानुन बमोजिम लिलामबिक्री गरी कर तथा जरिबाना असुलउपर गर्न सकिनेछ । यसरी लिलाम विक्रि बाट प्राप्त रकम नीजले नगरपालिकमा बुझाउनु पर्ने कर तथा राजस्व बापतको रकम असुली गरी बचेको रकमको यथार्थ अभिलेख राखि सम्बन्धित कर दाता वा सरोकारवालालाई फिर्ता भुक्तानी गरिनेछ । लिलाम विक्रि बाट समेत असुल हुन नसकेमा उक्त रकम सरकारी बांकि सरह राखि सम्बन्धित ब्यक्ति वा एकाघरका परिवारको जाय जेथा बाट असुल उपर गरिनेछ ।

(६) पाँच वर्षभन्दा बढी समयको सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लगायतका सवै प्रकारका कर तथा राजस्व बक्यौता राख्ने करदातालाई नगरपालिकाले उपलब्ध गराउँदै आएको आकस्मिक बाहेकका अन्य सेवा र सुविधा रोक्का राख्न सक्नेछ ।

(७) कर तथा राजस्व ब्यवस्थापनकालागि नगरपालिकाले जिम्मेजारी तोकेको आर्थिक प्रशासन शाखा/राजस्व शाखाबाट सम्पत्ति कर/एकीकृत सम्पत्ति कर समेतका कर तथा राजस्व चुक्ता भएको प्रमाण पेश नगरेसम्म नगरपालिकाबाट नयाँ सेवा तथा सुविधाहरू उपलब्ध गराइने छैन ।

(८) यो कायविधि बमोजिम निर्धारण भएका कर तथा राजस्व र जरिबाना नगरपालिकाको कुनै पनि निर्णयबाट छूट वा मिनाहा दिन पाइने छैन । यो दफा विपरीत नगरपालिकाको कुनै समिति, पदाधिकारी वा कर्मचारीले मिनाहा दिएको खण्डमा मिनाहा दिएको रकम मिन्हा दिने पदाधिकारीबाट असुल उपर गरिनेछ । तर, कुनै करदाताको सम्पत्ति भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण क्षति भएमा प्राप्त निवेदनका आधारमा जाँचबुझ गरी प्रमाणित भएमा क्षति बराबरको सम्पत्तिमा लाग्ने कर नगर कार्यपालिकाले मापदण्ड बनाई मिन्हा दिन सक्नेछ । यसरी मिन्हा दिएको विवरण सात दिनभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(९) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर तथा अन्य प्रकारका कर तथा राजस्व चुक्ता भइसकेको कुनै सम्पत्ति वा व्यवसायमा सोही आर्थिक वर्षमा पुनः कर लाग्ने छैन ।

(१०) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लागू हुनुपूर्व उक्त सम्पत्तिमा लाग्ने भुमिकर, मालपोत तथा घरजग्गा कर बुझाउने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

(११) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लागू हुनुभन्दा अधिका आर्थिक वर्षको स्थानीय तहले निर्धारण गरेको भुमिकर, मालपोत घरजग्गा कर चुक्ता नभएसम्म नगरपालिकाले सम्पत्ति कर/एकीकृत सम्पत्ति कर बुझिलिने छैन ।

(१२) कृषि योग्य जमिनहरूलाई कृषि, पशुपालन वा अन्य कुनै प्रकारको ब्यापार तथा व्यवसायमा प्रयोग नल्याई बाँझो राखेमा त्यस्ता करदातालाई नगरपालिकाको आर्थिक ऐन मा व्यवस्था गरी सोहि बमोजिम थप शुल्क लिन सक्नेछ ।

## परिच्छेद ११ (एघार)
## समिति सम्बन्धी ब्यवस्था

२९. नगरपालिकाले नगर क्षेत्र भित्र लगाईने सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लगायतका कर तथा राजस्वको विषयमा अध्ययन अनुशन्धान गरी नगर कार्यपालिकालाई राय, परामर्श तथा सुझाव दिन तथा सम्पत्तिको मूल्यांकन आधार तयार गरी सिफारिस गर्न र मूल्यांकन सम्बन्धी समस्या समाधान गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १४ बमोजिम देहाय बमोजिमको कर तथा राजस्व परामर्श समिति र सम्पत्ति कर/एकीकृत सम्पत्ति कर मूल्यांकन उपसमिति गठन गर्नेछ ।

२९. कर तथा राजस्व परामर्श समिति सम्बन्धी ब्यवस्था

(१) नगरपालिका क्षेत्र भित्र कर तथा राजस्व सम्बन्धी कार्यकालागि ९ सदसीय समितिको ब्यवस्था रहने छ

| | | |
|---|---|---|
| क. | नगरपालिकाको उप-प्रमुख | संयोजक |
| ख. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. | नगर उद्योग बाणिज्य संघका प्रतिनिधि | सदस्य |
| घ. | घरेलु तथा साना उद्योग सम्बन्धी संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ङ. | कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट एक महिला सहित २ जना | सदस्य |
| च. | योजना शाखा प्रमुख | सदस्य |
| छ. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(२) कर तथा राजस्व परामर्श समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

क. कर तथा राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, परिमार्जन, सोको परिपालना, कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर, दर निर्धारणका आधार तयार गरी नगरकार्यपालिकालाई परामर्श दिने ।

ख. प्रचलित ऐन कानूनको अधिनमा रहि नगरपालिका क्षेत्र भित्र नगरपालिकाले लगाउन तथा उठाउन पाउने कर तथा राजस्वका क्षेत्र तथा श्रोतहरूको पहिचान गरी विषयगत रुपमा अध्यावधिक गर्ने ।

ग. राजस्वका दर र क्षेत्रका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने ।

घ. बार्षिक रुपमा नगरपालिकाले लगाउने कर तथा राजस्वको प्रस्तावित दायरा तथा दर निर्धारण गरी आगामि आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान सहित नगर कार्यपालिकामा पेश गर्ने ।

ङ. एकीकृत सम्पत्ति कर मूल्याङ्कन उपसमितिले पेश गरेको सम्पत्ति मूल्याङ्कन सम्बन्धी विवरणलाई सुझाव सहित नगरकार्यपालिकामा पेश गर्ने ।

च. राजस्व प्रशासन सुधार लगायत नगर कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

(३) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर मूल्यांकन उपसमिति ५ सदस्यीय हुनेछ ।

| | |
|---|---|
| १. नगर कार्यपालिकाले तोकोको वडा अध्यक्ष | संयोजक |
| २. मालपोत कार्यालय वा कार्यपालिकाको सम्बन्धित शाखा प्रतिनिधि | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी | सदस्य |
| ४. योजना शाखा प्रमुख/वा कार्यपालिकाले तोकेको प्राविधिक | सदस्य |
| ५. राजस्व शाखा प्रमुख | सदस्य सचिव |

(४) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर मूल्यांकन उपसमितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ

क. नगरपालिका क्षेत्रभित्रका जग्गाको क्षेत्र विभाजन गरी अनुसूची ६ बमोजिमको ढाँचामा न्यूनतम मूल्यांकन दर सिफारिस गर्ने । यसरी मूल्यांकन सिफारिस गर्दा सडकले छोएको जग्गाको अधिकतम लम्वाईको सिमा समेत खोल्नु पर्नेछ ।

ख. संरचनाका हकमा सोको बनोट, रहेको स्थान, प्रयोग र लाभलाई समेत विचार गरी अनुसूची -७ बमोजिमको ढाँचामा मूल्यांकन दर सिफारिस गर्ने ।

ग. जग्गा तथा संरचनाको मूल्यांकन दर सिफारिस गर्ने प्रयोजनका लागि स्थलगत अध्ययन, छलफल तथा परामर्श गोष्ठीको आयोजना गर्ने । छलफल एवं परामर्शका लागि आवश्यकता अनुसार स्थानीय संघसंस्था तथा टोल विकास संगठनका प्रतिनिधिलाई समेत आमन्त्रण गर्ने ।

घ. सभाले स्वीकृत गरेको मूल्यांकनउपर कुनै करदातालाई चित्त नबुझी निवेदन दिएमा सोको जाँचबुझ गरी निर्णयका लागि नगरपालिका समक्ष पेश गर्ने ।

ङ. मूल्यांकन सम्बन्धमा प्राप्त गुनासा तथा उजुरीहरूमा रायसहित निर्णयका लागि कर तथा राजस्व परामर्श समिति मार्फत नगरपालिका समक्ष सिफारिस सहित पेश गर्ने ।

च. सम्पत्ति कर/एकीकृत सम्पत्ति कर व्यवस्थापनका लागि नगरपालिकाले तोकिदिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

छ. मूल्यांकन समितिले सम्पत्ति मूल्यांकन गर्दा प्रचलित बजार मूल्यलाई आधार बनाउने ।

ज. करदाताले पेश गरेको जग्गाको मूल्यांकन अस्वभाविक रुपमा बढी वा घटी पाइएमा छानविन गरी मूल्यांकन गर्ने ।

(५) मूल्यांकन समितिले रायसुझाव तथा सरसल्लाहका लागि आवश्यक ठानेका वडा अध्यक्ष तथा अन्य व्यक्तिलाई मूल्यांकन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**३०.समिति तथा उपसमितिका सदस्यहरूको पदावधी समाप्ति सम्बन्धी व्यवस्था**

(१) दफा २९ को उपदफा (१) र (३) बमोजिम गठन भएका समिति तथा उपसमितिका सदस्यहरूको पदावधी देहायको अवस्थामा समाप्त हुनेछ ।

क. नगरपालिकाको पदावधी समाप्त भएमा वा नगर कार्यपालिकाको सदस्य नरहेमा

ख. नगरपालिका बाट अवकास लिएमा वा पाएमा

ग. नगरपालिकाको पदाधिकारी बाट दिएको राजिनामा स्वीकृत भएमा

घ. यस समिति बाट राजिनामा दिएमा

ङ. कुनै प्रकारको फौजदारी तथा भ्रष्टचार सम्बन्धी अभियोग प्रमाणित भएमा

च. नगर कार्यपालिकाले हटाएमा तथा समिति विघटन भएमा

(२) दफा १५ को उपदफा (१) र (३) बमोजिम गठन भएका समिति तथा उपसमितिका समिति तथा उपसमितिका सदस्यहरूको मनोनयन तथा हेरफेर सम्बन्धी व्यवस्था

क. यस कार्यविधिमा उल्लेख भए बमोजिमका नगर कार्यपालिकाले मनोनित गर्ने भनि तोकएका समितिका सदस्यहरू मध्ये आवश्कता र कार्यकुसलताको आधारमा समितिका संयोजकको सिफारिसमा कुनै एक वा एक भन्दा बढी सदस्यहरू नगरकार्यपालिकाले निर्णय गरी समय समयमा हेरफेर गर्न सक्नेछ

ख. यस समितिमा पदेन सदस्य रहने व्यवस्था भएकोमा दफा ३० को (१) बमोजिमका कारण उक्त पद रिक्त हुन गएमा उक्त स्थानमा नगरकार्यपालिकाले अर्को व्यवस्था नहुनजेल सम्मकालागि नगरकार्यपालिकाका कुनै पनि सदस्यलाई पदिय श्रेष्ठताका आधारमा नियुक्त वा मनोनयन गर्न सक्नेछ

## ३१. समिति तथा उपसमितिको बैठक संचालन तथा सेवा सुविधा संबन्धी व्यवस्था

(१). समिति तथा उपसमितिको बैठक सञ्चालन संबन्धी व्यवस्था देहाय बमोजिम हुनेछ

क. समितिको बैठक कम्तिमा २ महिनामा एक पटक र उपसमितिको बैठक कम्तिमा महिनामा १ पटक बस्नेछ र आवश्यकतानुसार जतिसुकै पटक पनि वस्न सक्नेछ

ख. समिति तथा उपसमितिको बैठकको अध्यक्षता समिति तथा उपसमितिका संयोजकले गर्नेछ । कारणबस संयोजक स्वयम् उपस्थित हुन नसकेको अवस्थामा समितिका जेष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्नेछ ।

ग. समिति तथा उपसमितिको बैठक सञ्चालनकालागि कूल संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरू उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने छ । तर उल्लेखित संख्यामा सदस्यहरू उपस्थित नभएको कारणवाट बैठक वस्न नसकेमा कम्तिमा दुई कार्य दिनको सूचना दिई पुनः बैठक वोलाउन सकिनेछ

घ. समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा बैठकको अध्यक्षता गर्ने अध्यक्षले निर्णायक मत दिन सक्नेछ । तर, समितिको बैठकमा आफनो नीजि सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफलमा अध्यक्ष वा कुनै सदस्यले भागलिन वा मतदानगर्न पाउनेछैन

ङ. बैठकमा छलफलको निमित्त तोकिएको विषयमा क्रमवद्ध रुपमा छलफलगरी निर्णय गर्नुपर्नेछ, कुनै बैठकमा समयाभावले तोकिएको विषयमा छलफल हुन नसकेमा त्यसपछि वस्ने अर्को बैठकमा त्यस्तो विषयमा छलफल नगरी बैठकका अन्य विषयमा प्रवेश गरिने छैन

च. समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सामिति तथा उपसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

छ. समिति तथा उपसमितिको बैठक संयोजकले तोके बमोजिम सदस्य सचिवले वोलाउनेछ । तर कूल सदस्य संख्याको एक तिहाई सदस्यले बैठकमा छलफल गर्नुपर्ने विषय खोली समिति तथा उपसमितिको बैठक वोलाउन संयोजक समक्ष माग गरेमा त्यस्तो लिखित माग प्राप्त भएको सात कार्य दिनभित्र संयोजकले बैठक वोलाउने व्यवस्थागर्नु पर्नेछ । उल्लेखित अवधिभित्र समितिको बैठक नवोलाएमा त्यस्तो माग

गर्ने सदस्यहरू आफैले समिति तथा उपसमितिको बैठक बोलाउन सक्नेछन् । यसरी बलाईएको बैठकको अध्यक्षता संयोजक उपस्थित नभएको अवस्थामा उपस्थित सदस्य मध्येको जेष्ठ सदस्यले गर्नेछ ।

ज. समिति तथा उपसमितिका कुनै पनि सदस्य विना कारण समिति तथा उपसमितिको बैठकमा अनुपस्थित हुन पाईने छैन । मनासिव कारण वेगर तथा विना सूचना समिति तथा उपसमितिको बैठकमा लगातार ३ पटक सम्म अनुपस्थित रहेमा वा भएमा त्यस्ता सदस्यको समिति तथा उपसमितिको सदस्यको हैसियतले कायम रहेको यस समिति तथा उपसमितिको पद स्वतह: समाप्त हुनेछ

झ. बैठक सुरु हुनु भन्दा १५ मिनट ढिलो उपस्थित हुने कुनै पनि सदस्यलाई संयोजकको निर्देशन भएमा बाहेकको हकमा बैठकमा उपस्थित गराउन पाईने छैन

(२) समिति तथा उपसमितिका सदस्यहरूको वैठक भत्ता नगर कार्यपालिकाका सदस्यले पाए सरह पाउने छन साथै बैठकमा आमन्त्रित सदस्यले समेत अन्य सदस्यले पाए सरह बैठक भत्ता पाउने छन् ।

(३) वैठकमा आवश्यकता अनुसार विशेषज्ञ, विषय विज्ञ वा सरोकारवालालाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ । कारण बस विषय विज्ञको सेवाका आवश्यकता भएमा वा निजको सेवा करार लिनु पर्ने अवस्था आएमा करार अवधि भरकालागि वा बैठकमा उपस्थित भए बापत निजले पाउने सेवा सुविधावा बैठक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) यस कायविधिमा उल्लेख भए बाहेकको हकमा बैठक सञ्चालन सम्बन्धी आचारसंहिता समिति तथा उपसमिति स्वयम्ले निर्धारण गर्न सक्नेछ

## परिच्छेद- १२
## विविध

३२. परामर्शदाता नियुक्त गर्नसक्ने : सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लगायत अन्य कर तथा राजस्वको मूल्यांकन गरी बिजक तयार गर्ने काम मौजुदा कर्मचारीबाट निर्धारित समयमा सम्पन्न गर्न नसकिने भएमा नगरपालिकाले समय, लागत र कार्य क्षेत्र तोकी छोटो अवधिका लागि परामर्शदाता नियुक्त गरी कार्य गर्न सक्नेछ ।

३३. कर्मचारीलाई अतिरिक्त समय कार्य गराएबापत सुविधा दिनसक्ने :

(१) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लगायत सवै प्रकारका कर तथा राजस्वको मूल्यांकन गरी बिजक तयार गर्ने काम निर्धारित समयमा कार्यालय समयभित्र सम्पन्न गर्न मौजुदा कर्मचारीलाई अतिरिक्त समय कार्य गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम काम गरेबापत कर्मचारीहरुलाई प्रति एकाई कार्यको निमित्त नगरपालिकाले तोकेको दरले थप सुविधा दिन वा तलवमा थप अतिरिक्त भत्ता दिन सकिनेछ ।

३४. कागजातको गोप्यता :

(१) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लगायत कर तथा राजस्वको प्रयोजनका लागि करदाताबाट प्राप्त कागजात तथा अभिलेख गोप्य राखिनेछ ।

(२) उपदफा (१) बमोजिमको कागजात तथा अभिलेख नगरपालिकाको प्रयोजन बाहेक अन्य कार्यमा प्रमाण लाग्ने छैन । तर कुनै सरकारी निकाय वा अदालत बाट सोसम्बन्धी जानकारी माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउन सक्नेछ ।

३५. खाता तथा फाराम : सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लगायत कर तथा राजस्वको प्रयोजनका लागि नगरपालिकाले आवश्यक खाता तथा फारामको विकास गरी लागू गर्न सक्नेछ ।

३६. सम्पत्ति मूल्यांकन सिफारिश तथा घरवाटो प्रमाणितको आधार : सम्पत्ति कर/एकीकृत सम्पत्ति करका लागि करदाताले नगरपालिका समक्ष दाखिला गरेको सम्पत्ति विवरणका आधारमा नगरपालिकाले सम्पत्तिको मूल्यांकन सिफारिस तथा घरवाटो प्रमाणित गर्न सक्नेछ ।

३७. सहयोग लिनसक्नेः नगरपालिकाले जग्गा तथा संरचनाको लगत अद्यावधिक गर्ने प्रयोजनका लागि जग्गाको नापी गराउने, जग्गा खरिद विक्रिको सूचना प्राप्त गर्ने, जग्गाको मूल्यांकन दर कायम गर्ने जस्ता कार्यमा जिल्ला स्थित कार्यालयहरूको सहयोग प्राप्त गर्न सक्नेछ ।

३८. सम्मान गर्ने : नगरपालिकाले हरेक बर्ष सभाबाट सबैभन्दा बढी कर तिर्ने, समयमा नै कर बुझाउने, करदातालाई कर तिर्न प्रोत्साहन गर्ने र सम्पत्ति कर/एकीकृत सम्पत्ति कर असुलीमा सहयोग पुऱ्याउने करदातामध्येबाट उत्कृष्ट करदाता छनौट गरी सम्मान गर्न सक्नेछ ।

३९. विवरण सार्वजनिक गर्नुपर्ने : नगरपालिकाले मासिक रूपमा असुल भएको कर तथा राजस्व र वार्षिक रूपमा उठेको कर तथा राजस्व र सो सम्बन्धमा भएका क्रियाकलापको समीक्षा सहितको मासिक तथा वार्षिक प्रतिबेदन सार्वजनिक गर्नु पर्नेछ ।

४०. अभिमुखीकरण कार्यक्रम : सम्पत्ति कर/एकीकृत सम्पत्ति कर लगायतका सवै खाले कर तथा राजस्व लागू गर्नुपूर्व नगरपालिकाबाट पदाधिकारी, कर्मचारी तथा सरोकारवालालाई जानकारी गराउन तथा राय सुझाव संकलन गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न र यस्तो कर लागु गरेका नगरपालिकाको अध्ययन भ्रमण गर्न सकिनेछ ।

४१. अधिकार प्रत्यायोजन : यो कार्यविधि बमोजिम प्रमुख प्रशासकीय अधिकृतले आफुलाई प्राप्त अधिकार मातहतका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ तर सोको जानकारी नगर कार्यपालिका र सम्बन्धित विभाग/महाँशाखा / शाखा / उपशाखा / ईकाइ तथा वडासमितिको कार्यालयमा दिन अनिवार्य छ ।

४२. कार्यविधिको व्याख्याः यो कार्यविधिको अन्तिम व्याख्या नगरकार्यपालिका वा कार्यपालिकाको अधिकार प्राप्त निकायले गर्नेछ ।

४३. कार्यविधि संशोधन : यो कार्यविधिका प्रावधानहरूमा नगरकार्यपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ ।

४४.बाधा अडचन फुकाउ : स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेको व्यवस्थामा कुनै प्रकारको संशोधन भएमा, यस कार्यविधिमा व्यवस्था भए वाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा, विशेष अवस्था परी सम्पत्ति मूल्यांकन गरिएपछि वा उद्योग, ब्यापार, व्यवसाय र सेवाको पुनः मूल्यांकन गर्न नसक्ने अवस्था आई कुनै कठिनाईका कारण कर तथा राजस्व अशुलिमा कहि कतै बाधा अड्चन आई परेमा प्रचलित ऐन नियम र यसै कार्यविधिको अधिनमा रहि नगरकार्यपालिकाले निर्णय गरी बाधा अड्चन फुकाउन सक्नेछ ।

४५. अमान्य हुनेः यस कार्यविधिमा उल्लेख भएका विषयहरू प्रचलित कानून संग कहिं कतै बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

४६. खारेजी र वचाउ :

(१) व्यवसाय कर कार्यविधि, २०७४ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लेखित कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै अनुसार भए गरेको मानिनेछ ।

## अनुसूचीहरू

क. सम्पत्ति कर/एकीकृत सम्पत्ति कर सम्बन्धी अनुसूचीहरू (१ दखी १४)

ख. उद्योग, ब्यापार, व्यवसायकर, सेवा तथा दस्तुर सम्बन्धी अनुसूचीहरू (१५ देखि २३) :

अनुसूची १
(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)
पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, पथरी, मोरङ
सम्पत्ति कर/एकीकृत सम्पत्ति कर तथा मालपोतको दर

**क. सम्पत्ति कर/एकीकृत सम्पत्ति करको दर**

| क.सं. | करयोग्य सम्पत्ति / एकीकृत सम्पत्तिको मूल्यांकन मूल्य रु | | बार्षिक दर |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | | दुई लाख सम्म | एक मुष्ठ रु ... |
| २ | दुई लाख एक देखि | पाँच लाख सम्म | |
| ३ | पाँच लाख एक देखि | १० लाख सम्म | |
| ४ | दस लाख एक देखि | बीस लाख सम्म | |
| ५ | बीस लाख एक देखि | तीस लाख सम्म | |
| ६ | तीस लाख एक देखि | चालिस लाख सम्म | |
| ७ | चालिस लाख एक देखि | पचास लाख सम्म | |
| ८ | पचास लाख एक देखि | साठी लाख सम्म | |
| ९ | साठी लाख एक देखि | सत्तरी लाख सम्म | |
| १० | सत्तरी लाख एक देखि | असी लाख सम्म | |
| ११ | असी लाख एक देखि | नब्बे लाख सम्म | |
| १२ | नब्बे लाख एक देखि | एक करोड सम्म | |
| १३ | एक करोड एक देखि | एक करोड बीस लाख सम्म | |
| १४ | एक करोड बीस लाख एक देखि | एक करोड साठी लाख सम्म | |
| १५ | एक करोड साठी लाख एक देखि | दुइ करोड सम्म | |
| १६ | दुई करोड एक देखि | दुइ करोड बीस लाख सम्म | |
| १७ | दुई करोड बीस लाख एक देखि | तीन करोड तीस लाख सम्म | |
| १८ | तीन करोड तीस लाख एक देखि | चार करोड सम्म | |
| १९ | चार करोड एक देखि | पाँच करोड सम्म | |
| २० | पाँच करोड एक देखि माथि | | |

नोट : मुल्यांकन रकमलाई round figure मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

**ख. सम्पत्ति/एकीकृत सम्पत्ति कर को क्षेत्राधिकार भित्र नपर्ने जग्गा जमिनको हकमा मालपोत दर**

| क.सं. | विवरण | आ.व. २०../२०.. मालपोत रु | कैफियत |
|---|---|---|---|
| १ | उत्तर दक्षिण, पूर्व पश्चिम मुख्य मार्ग ग्राभेल तथा पिच सडक ले छोएका जग्गाहरू तथा मुख्य बजार क्षेत्र प्रतिकट्ठा | | |
| २ | मुख्य सडक बाहेकका ग्राभेल सडकले छौएका जग्गाहरू प्रतिकट्ठा | | |
| ३ | कच्चि सडकले छोएका जग्गाहरू प्रतिकट्ठा | | |
| ४ | बटोले नछोएका खेतियोग्य जमिन | | |
| ४.१ | क. उत्तम स्तरको खेतियोग्य जमिन प्रतिकट्ठा | | |
| ४.२ | ख. मध्य स्तरको खेति योग्य जमिन प्रतिकट्ठा | | |
| ४.३ | ग. निम्न स्तरको खेतियोग्य जमिन प्रतिकट्ठा | | |
| ५ | विभिन्न रुख रोपी नीजि बन क्षेत्र विकास गर्ने जग्गा | | |

अनुसूची- २

(दफा ८ र १५ को उपदफा (१) सँग सम्बन्धित)

# पथरी शनिश्चरे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ

## सम्पत्ति/एकीकृत सम्पत्तिको विवरण

वडा नं……

| सि.नं. | जग्गा/घर धनीको नाम | पेशा | ठेगाना | | जग्गाको विवरण | | भौतिक संरचनाको विवरण र किसिम | | | भौतिक संरचना बनेको साल र मिति | भौतिक संरचनाको | | | | भौतकि संरचनाको प्रयोग | | | | प्रयोगकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बाटोको नाम | घर नं. | कि.नं. | क्षेत्रफल | भवन | गोदाम, सेड | अन्य | | लम्बाइ फि | चौडाइ फि | क्षेत्रफल वर्ग फि | तला संख्या | आवास | व्यापार | औद्योगिक | संस्थागत | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

नोटः प्रत्येक तलाको क्षेत्रफल फरक फरक भए प्रत्येक तलाको नै अलग अलग विवरण भरी सोहि विवरणको आधारमा हिसाव निकालेर एक मुष्ठ क्षेत्रफल निकाल्ने

अनुसूची ३

(दफा १२ को उपदफा (१)सँग सम्बन्धित)

# पथरी शनिश्चरे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ

## सम्पत्ति तथा व्यवसायको विवरण पेश गर्नेबारे सम्पत्तिधनी तथा व्यवसायधनी हरूलाई अत्यन्त जरुरी सूचना

यस पथरी शनिश्चरे नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस नगरपालिकाको आर्थिक ऐन बमोजिम आ.व. २०७५/७६ देखि सम्पत्ति कर/एकीकृत सम्पत्ति कर समेतका सवै प्रकारका कर तथा राजस्वलाई थप व्यवस्थित गर्न सम्बन्धित सरोकारवालाको विवरण सङ्कलन तथा अध्यवधिक गर्नु पर्ने भएकाले यस नगरपालिका क्षेत्रभित्र जग्गा जमिन रहेका जग्गाधनीहरू तथा विभिन्न उद्योग, ब्यापार, व्यवसाय तथा सेवा क्षेत्रमा कार्यगर्नु हुने व्यवसायी तथा सरोकारवालाहरूलाई आफ्नो जग्गा जमिन र सो जग्गा जमिनमा बनेको भौतिक संरचना साथै आ-आफ्नो उद्योग, ब्यापार, व्यवसाय तथा सेवाको विवरण तथा आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण तथा व्यवसायीको हकमा कारोवारको विवरण दाखिला गरी नगरपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्पत्ति तथा व्यवसायको विवरण दाखिला गर्ने फाराम नगर कार्यपालिकाको कार्यालय तथा सम्बन्धित वडाको वडाकार्यालय बाट यही ........... गतेदेखि उपलब्ध हुने हुँदा फाराम प्राप्त गर्नु भई वा लिनु भई सो फाराममा सत्यतथ्य विवरण भरी आगामी .............. गतेभित्र नगर कार्यपालिकाको कार्यालय तथा सम्बन्धित वडाकार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ । यस्तो विवरण एकीकृत सम्पत्तिको हकमा जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्ति तथा व्यवसायीको हकमा सम्बन्धित सरोकारवालाको आधिकारिक प्रतिनिधिले मात्र बुझाउन सक्नेछन् । नगरपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनी वा सम्पत्तिधनी तथा व्यवसायीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति ( घर र संरचना) तथा व्यवसायको विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

..............................

नोटः १. सम्बन्धित सरोकारवालाले सम्पत्ति कर/एकीकृत सम्पत्ति कर प्रयोजन तथा व्यवसायीक कर तथा राजस्व प्रयोजनकालागि सम्पत्ति तथा व्यवसायको विवरण दाखिला गर्ने फाराम यस नगरपालिकाको ......... बाट डाउनलोड गरी लिन सकिनेछ ।

२. विवरण दाखिला गर्नका लागि आ.व. २०७४/७५ सम्मको मालपोत र भूमिकर चुक्तागर्नु पर्नेछ । सम्पत्ति कर/एकीकृत सम्पत्ति कर तिरे पछि उल्लेखित विवरण बराबरको घर र जग्गामा मालपोत, भूमिकर र घरजग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

अनुसूची ४

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

# पथरी शनिश्चरे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ

## सम्पत्ति/एकीकृत सम्पत्ति विवरण दाखिला फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ

महोदय,

यस नगरपालिकाको मिति २०....... गते प्रकाशित सूचनाअनुसार मैले/हामीले सम्पत्ति कर/एकीकृत सम्पत्ति कर मूल्यांकनका लागि तपसिलमा लेखिए बमोजिमको सम्पत्तिको विवरण दाखिला गरेको छु/छौं । यस बमोजिम नगरपालिकाले सम्पत्ति कर/एकीकृत सम्पत्ति कर निर्धारण गरिदिएमा मेरो/हाम्रो मञ्जुर छ । तपसिलमा उल्लेखित विवरणहरू झूट्टा ठहरे नगरपालिकाको निर्णय तथा कानून बमोजिम दण्ड सजाय सहुँला बुझाउँला ।

| क) सम्पत्ति धनीको विवरण | ख) विवरण दाखिला गर्ने व्यक्तिको विवरण |
|---|---|
| १. जग्गा/घरधनीको नाम र थर :<br>२. बाबु /पतिको नाम र थर :<br>३. बाजे /ससुराको नाम र थर :<br>४. पेशा रव्यवसाय :<br>५. घर जग्गाधनी बसोबास गर्ने<br>न.पा. /गा.पा. :<br>वडा नं. : टोल रबस्ती रघर नं. :<br>टेलिफोन नं. :<br>इमेलः | दस्तखत :<br>नाम र थर :<br>ठेगाना :<br>जग्गा/घरधनीको नाता :<br>मितिः |

६. सम्पत्तिधनीको पारिवारिक विवरण : सम्पत्ति धनीको नाताः

क. सं.परिवारका सदस्यहरूको नाम
१.
२.
३.
४.

ग) सम्पत्तिको विवरण :

१. जग्गाको विवरण :

| जग्गाको विवरण | | | | जग्गा रहेको स्थान | जग्गाजोडिएको मुख्य सडक ( सडकको नाम र सडकको प्रकार) | क्षेत्र ( कार्यालयले भर्ने) | जग्गाको प्रयोग | जग्गाको चलनचल्तीको मूल्य (प्रति कट्ठा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| कि.नं. | साबिक (गाविस र वडा) | हालको वडा नं. | क्षेत्रफल | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

२. भौतिक संरचनाको विवरण :

| संरचना रहेको कि. न | संरचनाको प्रकार (घर र गोदामर टहरा र पर्खाल) | संरचनाको | | | | | भौतिक संरचनाको विवरण | | प्रयोगकर्ता (स्वयं र भाडा) | कैफियत (घर नं. आदि खुलाउने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तल्ला | लम्वाई | चौडाई | क्षेत्रफल (वर्गफुट वा रनिङ फिट) | बनेको मिति | संरचनाको बनोटको किसिम (बनोट र छाना खुलाउने) | संरचनाको प्रयोग (व्यार औ र स ंर घ) | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**घ. कार्यालयले भर्ने :**

१) करदाताबाट चुक्ता गर्नुपर्ने घरजग्गा कर, मालपोत वा भूमिकर, धरधुरी कर रसिदको प्रतिलिपि पेश नभएकोमा नगरपालिकाबाट भएको प्रमाणित :

| कर शीर्षक | प्रमाणीत विवरण | प्रमाणित गर्नेको दस्तखत र मिति |
|---|---|---|
| मालपोत वा भूमिकर | | |
| घरधुरी कर | | |
| घरजग्गा कर (नलाग्ने वा चुक्ता) | | |

२) नक्सापास गरी बनाएको संरचनाको हकमा नगरपालिकाको प्राविधिकबाट भएको प्रमाणित :

| संरचनाको विवरण | संरचनाबनेको मिति | वर्गफिट वा रनिङफिट | प्रमाणित गर्नेको नाम र दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**३) यस विवरणसाथ संलग्नकागजातहरू ।**

क) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि :

ख) कर तथा राजस्व बुझाएको रसिदको प्रतिलिपि :

ग) सम्पत्ति धनी उपस्थितहुन नसकेमा निजले दिएको मञ्जुरीनामा :

घ) अन्य कागजातहरू :

**नगरपालिकाले सम्पत्ति विवरण दाखिला सम्बन्धमा गरेका मुख्य व्यवस्थाहरू :**

क) नगरपालिकाले सम्पत्ति/एकीकृत सम्पत्तिको विवरण दाखिला गर्न आह्वान गरेको समयावधिभित्र यस फारामअनुसार आआफ्नो जग्गा तथा संरचनाको सत्यतथ्य विवरण भरी नगरपालिकामा दाखिला गर्नु पर्नेछ ।

ख) सम्पत्तिको विवरण दाखिला गरेपछि जग्गा खरिदबिक्री वा संरचना निर्माणको कारणले सम्पत्ति थपघट भएमा सोको प्रमाणसहितको विवरण पैंतीस (३५) दिनभित्र नगरपालिकामा बुझाउनु पर्नेछ ।

ग) नगरपालिकाले तोकेको समयावधिभित्र सम्पत्ति विवरण फाराम दाखिला नगरेमा नगरपालिकाले थप शुल्क लिई विवरण फाराम बुझिलिन सक्नेछ ।

घ) सम्पत्तिको विवरण सम्पत्तिधनी स्वयंले नगरपालिकामा दाखिलागर्नु पर्नेछ । कुनै कारणबस धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा सगोल परिवारका कानुन बमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्तिधनीको मञ्जुरीनामा प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछन् ।

ङ) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्तिधनीहरूले संयुक्तरूपमा वा सोमध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछन् ।

च) सम्पत्ति कर/एकीकृत सम्पत्ति कर कालागि करदाताले नगरपालिका समक्ष दाखिला गरेको सम्पत्ति विवरणको आधारमा नगरपालिकाले सम्पत्तिको मूल्यांकन गर्नेछ ।

छ) करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुनःमूल्यांकन गरी जरिबाना सहितको कर रकम असुलउपर गरिनेछ । यस्तो जरिबाना लुकाएको सम्पत्तिमा नियमानुसार लाग्ने रकमको प्रतिवर्ष नगरपालिकाले तोकेको प्रतिशतले हुनआउने रकम बराबर हुनेछ ।

ज) सम्पूर्ण जग्गाको विवरण दाखिला नगरेको, सडकले छोएको सम्वन्धी विवरण सहि नदिएको, एउटै व्यक्तिको सम्पत्तिको दुई पटक सम्पत्ति विवरण दाखिला गरेको, सक्कल कागजातलाई केरमेट गरी अन्यथा गरेको, संरचनाको पूरा तल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, संरचनाको प्रकार तथा बनोटको किसिम फरक पारेको र संरचनाको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा सोलाई झूट्टा विवरण दाखिला गरेको मानीने छ ।

विवरण दाखिला गर्नेको दस्तखत : ..........................

अनुसूची (५)
दफा १५ को उपदफा (४) सँग सम्वन्धित)

# पथरी शनिश्चरे नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ

## जग्गा तथा संरचनाको दाखिला खारेजी टिपोट

जग्गा तथा संरचना दिनेको नाम :
ठेगाना :
जग्गा दिनेको करदाता संकेत नं. :

जग्गा तथा संरचना लिनेको नाम :
ठेगाना :
जग्गा लिनेको करदाता संकेत नं. :

जग्गा तथा संरचनाको विवरण

| सि.नं. | जग्गा दिनको नाम | जग्गा लिनेको नाम | थपघटको भएको विवरण | | | जग्गाको विवरण | | | | | संरचनाको | | जग्गा दिनेको श्रेस्तामा घट जग्गा तथा संरचना | जग्गा दिनेको घट्ने मूल्यांकन रकम | जग्गा लिनेको श्रेस्तामा थप जग्गा तथा संरचना | जग्गा लिनेको थप मूल्यांकन रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जग्गा धनी संकेत नं. | रजिष्टेशन नं. | मिति | वडा नं. | जग्गा रहेको क्षेत्र | साविक कि.नं. | हालको कि.नं. | क्षेत्रफल | प्रकार | किसिम | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

सम्लग्न कागजातहरु :

तयार गर्नेको सही .........................

नामः

पदः

प्रमाणित गर्नेको सही ................

नामः

पदः

अनुसूची (६)

(दफा २८ को उपदफा (४) (क) संग सम्बन्धित)

# पथरी शनिश्चरे नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ

## जग्गाको न्यूनतम मूल्यांकन हद

वडा नं. ....

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य<br>प्रति ..... रु |
|---|---|---|
| क. व्यापारिक क्षेत्र | | |
| | | |
| | | |
| ख) आवासिय क्षेत्र | | |
| | | |
| | | |
| ग) कृषि क्षेत्र | | |
| | | |
| | | |
| घ) वन तथा वगर क्षेत्र | | |
| | | |
| | | |
| ङ. अन्य | | |
| | | |
| | | |

अनुसूची - ७

(दफा २८ को उपदफा (४) (ख) सँग सम्बन्धित)

# पथरी शनिश्चरे नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ

## संरचनाको मूल्यांकन दर

| क्षेत्र | | संरचनाप्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | सेड वा कच्ची घर | |
| | | ब्यापारिक,औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | | | | | | | | | | |
| ख | आवासीय क्षेत्र | | | | | | | | | | |
| ग | कृषि क्षेत्र | | | | | | | | | | |
| घ | बन तथा वगर क्षेत्र | | | | | | | | | | |
| ङ | अन्य | | | | | | | | | | |

अनुसूची (८)
(दफा १८ को उपदफा (१) सँग सम्वन्धित)

# पथरी शनिश्चरे नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ

## सम्पत्ति/एकीकृत सम्पत्तिको मूल्यांकन फाराम

करदाताको संकेत नम्वर :

कर निर्धारण गरेको आ.व. :

जग्गा र घर धनीको नाम :
ठेगाना :
टोल र बस्ती र घर नं. :

| जग्गाको विवरण | | | | | | जग्गाको कायम मूल्य | भौतिक संरचनाको विवरण | | | | | | | | | | भौतिक संरचनाको कायम मूल्य | सम्पत्तिको कर लाग्ने कुल मूल्य (जग्गा + संरचना) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साविकको गाविस र वडा | हालको वडा र टोल | कित्ता नं. | क्षेत्रफल | जग्गा रहेको क्षेत्र | एकाई मूल्य प्रति .. | | प्रकार | तल्ला | बनोटको किसिम | प्रयोग | क्षेत्रफल | एकाई मूल्य | शुरुको मूल्यांकन | पुरा भएको बर्ष | ह्रास कट्टी प्रतिशत | ह्रास कट्टी हुने रकम | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

कर योग्य एकीकृत सम्पत्तिको मूल्य रु .............
बार्षिक एकीकृत सम्पत्ति कर जम्मा रु ............

अक्षरुपी :

मूल्यांकन मिति :

मूल्यांकन कर्ताको दस्तखतः.........................
नामः

पदः:

अनुसूची- ९

(दफा १८ को उपदफा (५) सँग सम्बन्धित)

# पथरी शनिश्चरे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ

## संरचनाको ह्रास कट्टी दर

| क.सं. | संरचनाको किसिम (बनोटको आधारमा) | ह्रास कट्टी दर % प्रति बर्ष | कैफियत |
|---|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्ट्रक्चर, इटा सिमेण्टको गारो, टायल वा मार्वलको भुई | ५ | |
| २ | आर.सि.सि. फ्रेम स्ट्रक्चर, इटा सिमेण्टको गारो, सिमेण्ट प्लाष्टरको भुई | ६ | |
| ३ | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना टायल वा मार्वलको भुई | ८ | |
| ४ | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना सिमेण्ट प्लाष्टरको भुई | ९ | |
| ५ | आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | १२ | |
| ६ | काठको खम्बा, बाँस काठ तथा सिमेण्ट प्लस्टरको घेरावारा र जस्ता वा टायलको छाना | १३ | |
| ७ | काठको खम्बा, काठको घेरावारा र जस्ता वा टायलको छाना | १४ | |
| ८ | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | १५ | |
| ९ | सेड वा कच्ची घर | २० | |

नोटः ह्रास कट्टि गर्दा निर्माण बर्षको सुरु मुल्यमा प्रति बर्ष उल्लेखित प्रतिसतले घट्दो क्रममा गरिनेछ ।

अनुसूची(१०

(दफा २३ को उपदफा (१) सँग सम्बन्धित)

# पथरी शनिश्चरे नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ

## सम्पत्ति कर/एकीकृत सम्पत्ति कर बिजक

बिजक नं. : — आ.व. :

जग्गा/घरधनीको नाम : — करदाता संकेत नं. :

ठेगाना : — बिजक बनेको मिति :

टोल/बस्ती/ घर नं. : — खातापाना नं. :

| जग्गाको विवरण | | | | | | जग्गाको कायममूल्य | भौतिक संरचनाको विवरण | | | | | | | भौतिक संरचनाको कायममूल्य | सम्पत्तिको मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साबिक गाविसरवडा | हाल वडा | कि.नं. | क्षेत्रफल (....) | क्षेत्र | एकाइमूल्य (प्र ....) | | प्रकार | तल्ला | किसिम | प्रयोग | क्षेत्रफल (व.फि.) | सुरुको मूल्यांकन | ह्रास कट्टी | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| सम्पत्तिको जम्मा मूल्य | | | | | | | | | | | | | | | |

| | |
|---|---|
| सम्पत्ति कर/एकीकृत सम्पत्ति कर | |
| अन्य शुल्क (.........) | |
| कुल जम्मा रु | |

आ.व. .......का लागि तपाईंको सम्पत्तिमा उपरोक्त बमोजिम कर तथा शुल्कहरू निर्धारण भएको हुँदा समयभित्रै कर भुक्तानी गर्नुहुन अनुरोध गरिन्छ। कर निर्धारण सम्बन्धी कुनै कुरामा चित्त नबुझेमा ३५ दिनभित्र अध्यक्ष/प्रमुख समक्ष निवेदन गर्न सकिने व्यहोरा समेत अनुरोध गरिन्छ।

बिल तयार गर्नेको दस्तखत .........................

नामः ..............................

पदः ..........................

स्वीकृत गर्नेको दस्तखतः .................

नामः ................................

पदः ...............................

अनुसूची- ११
(दफा २३ को उपदफा (६) संग सम्बन्धित)

# पथरी शनिश्चरे नगरपालिका

